# लेखापरीक्षण प्रतिवेदन

# काठेखोला गाउँपालिका, बागलुङ

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# काठेखोला गाउँपालिका, बागलुङ

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/393

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
काठेखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
बागलुङ।

**कैफियतसहितको राय**

हामीले गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ। हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१.गाउँपालिकाको रु.१ अर्ब ३३ करोड ५ लाख ४३ हजार लेखापरीक्षण गरिएकोमा रू ४ करोड १५ लाख ६६ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु १८ लाख ५५ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु.३ करोड ९७ लाख १० हजार मध्ये असुल गर्नुपर्ने रू.१ करोड ३४ लाख २० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२० लाख ९४ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ४१ लाख ९५ हजार रहेको छ। गत वर्षसम्म रु.१२ करोड १ लाख २९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१४ करोड ७४ लाख १४ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको ब्यहोरा यसैसाथ संलग्न छ।

२.गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष ब्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत प्रतिवेदन (म.ले.प.फा.नं २७०) मा अन्तरसरकारी हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१४ करोड ८३ लाख ५३ हजार, वास प्लान खानेपानी कार्यक्रमको रु.१ लाख ५० हजार सुत्रमा समावेश गरेको छैन ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८,१४,१७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने काठेखोला गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू

राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य ब्यहोरा:**

गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका ब्यहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका,गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | | पेस्की |
| ४७ | १०४ | ४,१५,६६,४८० | ० | ७२ | १८,५५,७६२ | ० | ४७ | ३२ | ३,९७,१०,७२० | १,३४,२०,८६५ | २,४१,९५,११९ | २०,९४,७३२ | ० | ० | २,६२,८९,८५२ | | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बाग्लुङ | १२,०१,२९,००० | ० | १,२४,२४,९८२ | १०,७७,०४,०१८ | ० | ३,९७,१०,७२० | १४,७४,१४,७३८ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ३३.१ | कार्य स्वीकार तथा सोझै खरिदका ब्यहोराहरु | १,१८,९१,२९४ |
| २ | २०७९/८० | ४१ | सरुवा भत्ता | १९,१७५ |
| ३ | २०७९/८० | ४६.२ | शिक्षा तर्फ | ३,३१,४३५ |
| ४ | २०७९/८० | ३९.२ | गैरसरकारी संस्था मार्फत कार्य | १,८३,०७८ |
| ५ | २०८०/८१ | ३१ | ईन्टरनेट जडान | ५,४०,००० |
| ६ | २०८०/८१ | ३३ | अनुगमन भत्ता | ७,६५० |
| ७ | २०८०/८१ | ३८ | सामाजिक सुरक्षा | ५६,२३२ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | ५८ | वितरणको भरपाई नरहेको | २,२६,८०० |
| ९ | २०८०/८१ | ३६ | वढी भुक्तानी | १६,०३० |
| १० | २०८०/८१ | २६ | छात्रवृत्ति | ८३,२०० |
| ११ | २०८०/८१ | २७ | सिकाई सामाग्रि तथा डिजिटल सामाग्री ब्यबस्थापन | ९,२५,८५० |
| जम्मा | | | | १,४२,८०,७४४ |

# (८०४४५५०१३०० - काठेखोला गाउँपालिका, बागलुङ )

# परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय :-** संघ प्रदेश सरकारबाट प्राप्त अनुदान तथा राजश्व बाँडफाँट एवं पालिकाको आन्तरिक श्रोत साधनको अधिकतम उपयोग गरी संविधानको अनुसुचीमा उल्लेखित कार्यहरु सम्पादन गरी नागरिकलाई अधिकतम लाभ प्रदान गर्नु पालिकाको उदेश्य रहेकोछ ।

**(ख) लेखापरीक्षणको उद्वेश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०९।१० देखि २०८१ ।०९।२५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ११९०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | दोहोरो भत्ता भुक्तानी | ४२५० |
| २ | अनुगमन भत्ता | ७६५० |

पालिकाको एकीकृत आर्थिक विवरण निम्मानुसार छः

| सि.नं. | आयतर्फ | | | सि. नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षकोजिम्मेवारी** | | | १ | **चालु खर्च** | | ३५११२३३६४.७८ |
| | क) धरौटीखाता | ७८००६६१.०० | | २ | **पूँजीगतखर्च** | | १५४४०९३३२.०० |
| | ख) बैंक(संचित कोष खाता ) | २३७२०५७५.६८ | | ३ | **वित्तियव्यवस्था भुक्तानी** | | |
| | बैकमौज्दात ( बिबिध खर्च खाता ) | ८२६७१६०.०० | | | | | |
| | **कोभीड १९ कोष मौज्दात** | १२२५३७०.०० | | | | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | | क) ऋणभुक्तानी | | |
| | क) आन्तरिकराजस्व | ६७६३८०९.२० | | | ख) ब्याजभुक्तानी | | |
| | ख) राजस्वबाँडफाँड संघिय सरकार | ७९३११८२६.५० | | | ग) अन्यभुक्तानी | | |
| | ख) राजस्वबाँडफाँड प्रदेश सरकार | ५३२७७६३.०० | | ४ | **लगानी** | | |
| ३ | **वित्तियहस्तान्तरण संघ** | | | | क) ऋणलगानी | | |
| | क) वित्तियसमानीकरण अनुदान | ९२७२१०००.०० | | | ख) शेयरलगानी | | |
| | ख) सशर्तअनुदान चालु | २७८५७७९७३.४० | | | ग) अन्यलगानी | | |
| | ख) सशर्तअनुदान पुजीगत | ३१११३७९.०० | | ५ | सामाजिकसुरक्षा कार्यक्रम | | १४८३५३९०८.०० |
| | ग) समपूरकअनुदान | २७००००००.०० | | ६ | स्थानियबिकास साझेदारी कार्यक्रम | | |
| | घ) विशेषअनुदान | ११३८१५७९.०० | | ७ | **धरोटीफिर्ता खर्च** | | १४४५९७३.०० |
| ४ | **प्रदेशसरकारबाट प्राप्त अनुदान** | | | ९ | **कोष फिर्ता** | | |
| | क) वित्तियसमानीकरण अनुदान | ९७८३०००.०० | | १० | **बैक मौज्दात** | | |
| | ख) सशर्तअनुदान | ४२५१०००.०० | | | क) बैङमौज्दात संचित कोष खाता खाता | | ११५७०८०८.०० |
| | ग) समपूरकअनुदान | ३३८३५९९.०० | | | ख) धरौटी खाता | | ८२७४६०३.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | मौज्दात | | |
| | घ) विशेषअनुदान | | | | ग) प्रकोप ब्यबस्थापन कोष खाता | | १२६९३२९.०० |
| | ङ) प्रदेश सरकारबाट संचालित कार्यक्रम | | | | घ) बिबिध खर्च खाता | | ८०२०२५०.०० |
| | **अन्तरस्थानीय तहबाट प्राप्त** | | | | ङ) कोरोना भाइरस रोकथाम कोष खाता | | ०.०० |
| | **अन्य** | | | | ख) नगदमौज्दात | | ०.०० |
| ५ | सामाजिकसुरक्षा कार्यक्रम | १४८३५३९०८.०० | | ११ | **शसर्तअनुदान फिर्ता** | | ०.०० |
| ६ | बिबिध खर्चखाता आम्दानि | ११५९५४२७.०० | | १२ | **कोभीड१९ खर्च** | | ०.०० |
| ७ | प्रकोप ब्यबस्थापन कोषआम्दानी | | | १३ | बिबिध खर्चखाता खर्च | | ११८४२३३७.०० |
| ८ | घ)स्वास्थय क्षेत्रको सुधार कार्यक्रम | | | १४ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | | २७३००००.०० |
| ९ | **विभिन्नकोषतर्फको आय** | | | १५ | खानेपानीकार्यक्रम वास प्लान | | १५००००.०० |
| १० | **जनसभागिता (नगद)** | | | १६ | प्रकोप ब्यबस्थापन कोषखर्च | | ११५६०४१.०० |
| ११ | **विषयगतनिकायबाट प्राप्त** | | | | | | |
| १२ | **धरौटी आय** | १९१९९१५.०० | | | | | |
| १३ | **लगानीकोसाँवा फिर्ता** | | | | | | |
| १४ | **वास प्लानखानेपानी प्रदेश सरकार** | १५००००.०० | | | | | |
| | **कुलजम्मा** | ७००३४५९४५.७८ | | | **कुलजम्मा** | | ७००३४५९४५.७८ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको खर्चको स्थिती देहाय बमोजिम रहेको छ ।

| सि.नं. | खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | कूल खर्च | १५४४०९ | ४८०१ | २०९६३ | ५००६३ | ७८५८० | ३५९६९ |
| | खर्च प्रतिशत | १००.०० | ३.१० | १३.५९ | ३२.४२ | ५०.८९ | २३.२९ |

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिकमा पूँजीगत खर्चको ३२.४२ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र २३.२९ प्रतिशत खर्च भएको देखिन्छ । त्यसैले चौथो त्रैमासिक र असार महिनामा बढी खर्च गर्दा सार्वजनिक निर्माणको गुणस्तर र अनुगमन नियमनमा समेत असर पर्ने हुंदा यस्तो खर्च गर्ने पद्धतिमा नियन्त्रण हुनुपर्दछ ।

३ **वित्तिय विवरणको विश्लेषणः**

पालिकाले यस वर्ष कूल आन्तरिक आयबाट रु. ६७,६३,८०९, राजस्व बाँडफाँडबाट रु. ८,४६,३९,५८९ र अनुदानबाट रु. ४०,५९,०९,५३० समेत रु. ४९,७३,१२,९२८ आम्दानी भएकोमा चालुतर्फ रु. ३५,११,२३,३६४ र पूँजीगततर्फ रु. १५,४४,०९,३३२ समेत रु. ५०,५५,३२,७२६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.३३ प्रतिशत रहेको छ। पालिकाले यस वर्ष गरेको खर्चमा आन्तरिक आयको हिस्सा १.३३ प्रतिशत भएको देखिदा आन्तरिक आयको अवस्था सन्तोषजनक देखिएन आन्तरिक आयको क्षेत्रलाई विस्तार गरि बिकासात्मक तथा दैनिक प्रशासनिक कार्यमा लगाउन सकिने हुंदा समग्र आर्थिक विकास र समृद्धि तथा दिगो विकासको लक्ष्य हांसिल गर्ने तर्फ ध्यान पुर्याउनुपर्दछ ।

४ **आन्तरिक नियन्त्रणः नियन्त्रणः**

पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम छन् -

आन्तरिक नियन्त्रण प्रणालीका सम्वन्धमा महानिर्देशनालयवाट जिन्सी निरीक्षण, योजना अनुगमन निरीक्षण, पाम्सको प्रयोग, उपभोक्ता समितिमार्फत कार्य,गुनासो सुनुवाई, वरवुझारथ, नागरिक वडापत्र, कर्मचारीको कार्यविवरण, सार्वजनिक सुनुवाई, संगठन तथा व्यवस्थापन सर्वेक्षण, कार्यसम्पादन करार, जिन्सी निरीक्षण, आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षण लगायतका २९ सुचक तयार गरी फारमको विकास गरिएको र यसमा कार्यालयको धारणा छ/ छैन/ जानकारी नभएको भनी प्रश्नावली तयार गरिएकोमा ५ सुचकमा छैन भन्ने जवाफ दिएको २२ सुचकमा परिपालना भएको र २ वटा सुचकमा थाहा नभएकोमा प्रतिकृया प्राप्त भएको छ । जसअनुसार कुल सुचकमा ५ सुचकको परिपालना नभएको अर्थात १७ प्रतिशत कार्यान्वयनमा नल्याएको, ७६ प्रतिशत कार्यन्वयनमा ल्याएको र ७ प्रतिशत थाह नभएको पाईयो । तसर्थ उपरोक्त तथ्यको आधारमा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सन्तोषजनक भएको देखिएको छ । पालिकाले कमजोर देखिएका सुचकहरुमा आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी र विश्वशनीय बनाई कार्यसम्पादन स्थितिलाई सुदृढ बनाउन ध्यान दिनुपर्दछ ।




५ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय

अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०८०।०३।१० गते रु. ५६ करोड १२ लाख ३४ हजारको बजेट सभा समक्ष पेश गरी २०८०।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। पालिकाद्धारा समय सिमाभित्रै कानुन अनुसार बजेट पेश, पारित र अख्तियारी प्रदान गरेको छ ।

६ **बजेट विनियोजनः**

आर्थिक वर्ष २०८०।८१ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ ।

| कुल बजेट | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत |
|---|---|---|---|---|
| ५६,१२,३४,००० | ३६,१२,००,००० | ६४.३५ | २०,००,३४,००० | ३५.६५ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु. ५६ करोड १२ लाख ३४ हजार बजेट विनियोजन भएको मध्ये चालु तर्फ रु. ३६ करोड १२ लाख (६४.३५ प्रतिशत) र पूँजीगत तर्फ रु. २० करोड ३४ हजार (३५.६५ प्रतिशत) बजेट विनियोजन भएको छ । पालिकाले चालु वजेटको तुलनामा पुंजिगत वजेटको हिस्सा वढाउन तर्फ कदम चाल्नुपर्दछ ।

७ **मौज्दात रकमः**

पालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु ५० करोड ५५ लाख ३२ हजार खर्च गरेको छ भने संचित कोषमा रु १ करोड १५ लाख ७० हजार ८०८ रुपैयाँ मौज्दात बाँकी रहेको छ । उक्त रकम उपभोग नभई मौज्दात सर्दै गईरहेको अवस्थाले पालिकाको लक्षित उद्धेश्य पूरा गर्न कठिन हुने देखिएकाले सो रकमको उपयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

८ **रकमान्तरः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा रकमान्तर सम्वन्धि व्यवस्था छ । जसमा कार्यपालिकाको स्विकृत वार्षिक वजेटको अधिनमा रही कुनै शीर्षकवाट पुंजीगत शिर्षकमा पच्चीस प्रतिशत नवढाई रकमान्तर गर्न सक्ने उल्लेख रहेकोमा पालिकाले ४८ योजनामा रकमान्तर गरेको छ। यस वर्ष विनियोजित कुल पुंजीगत वजेट तर्फ रु. २० करोड ३४ हजार विनियोजन भएकोमा विनियोजन भएको रकमको कार्यक्रमगत रुपमा रु. १ करोड २३ लाख अर्थात ६.१४ प्रतिशत रकमान्तर भएको देखियो। पालिकाले ऐनको परिधि भित्र रहेर रकमान्तर गर्नुपर्दछ।

९ **पुँजीगत बजेट तथा पूँजीगत खर्चः**

स्थानीय सरकार सञ्चलान ऐन २०७४ वमोजिम पालिकाहरुमा वार्षिक कार्यक्रम तथा बजेट परिषदबाट स्वीकृत गरी बजेट विनियोजन गर्नुपर्दछ । पालिकाको यस आर्थिक वर्षको पूँजीग बजेट र पूँजीगत खर्चको अवस्था देहाए बमोजिम रहेको छ ।

| क्र.स. | आर्थिक वर्ष | बजेट | पूँजीगत खर्च | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २080/८१ | २०,००,३४,००० | १५,४४,०९,३३२ | ७७.१९% |

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु २० करोड ३४ हजार विनियोजन गरेकोमा रु १५ करोड ४४ लाख ९ खर्च गरेको छ जुन ७७.१९ प्रतिशत हुन आउने हुंदा पुंजिगत खर्चको हिस्सा वढाउन तर्फ पालिकाले जोड दिनुपर्दछ ।

१० **चालु बजेट तथा चालु खर्चः**

स्थानीय सरकार सञ्चलान ऐन २०७४ वमोजिम पालिकाहरुमा वार्षिक कार्यक्रम तथा बजेट परिषदबाट स्वीकृत गरी बजेट विनियोजन गर्नुपर्दछ ।

| क्र.स. | आर्थिक वर्ष | बजेट | चालु खर्च | बजेटको तुलनामा चालु खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २080/८1 | ३६,१२,००,००० | ३५,११,२३,३६४ | ९७.२१% |

पालिकाले यस वर्ष चालु तर्फ रु. ३६ करोड १२ लाख ४२ विनियोजन गरेकोमा रु. ३५ करोड ११ लाख २३ हजार खर्च गरेको छ जुन ९७.२१ प्रतिशत हुन आउँछ । चालु खर्चलाई वाञ्छित सिमाभित्र राखि पुँजिगत खर्चको प्रतिशतलाई वढाउन तर्फ पालिकाले ध्यान

दिनुपर्दछ ।

११ **क्षेत्रगत बजेट र खर्चः**

स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ६७ मा वजेट तथा कार्यक्रम तर्जुमा समितिको व्यवस्था छ ।स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २080।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

रु हजारमा

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ३,८१,१२ | ३,१५,४७ | ८२.७८ |
| सामाजिक विकास | ३४,९५,४३ | ३२,३९,०२ | ९२.६६ |
| पूर्वाधार विकास | ९,३१,८० | ७,११,७६ | ७६.३९ |
| सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | १,४७,३५ | १,१३,५५ | ७७.०६ |
| कार्यलय सञ्चालन | ७,१८,३१ | ६,७५,५१ | ९४.०४ |
| **जम्मा** | ५६,७४,०१ | ५०,५५,३३ | ८९.०९ |

उपरोक्तानुसार कुल खर्च मध्ये सामाजिक विकासमा ९२.६६ प्रतिशत र पुर्वाधार विकासमा ७६.३९ खर्च भएको देखिदा वजेट विनियोजन तथा खर्च गर्दा सन्तुलित तथा समन्यायिक हिसावले खर्च गर्ने प्रदतिको विकास गर्नुपर्दछ ।

१२ **न्यायीक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

| **गत वर्षबाट सरेका विवाद** | **यस वर्ष दर्ता भएको** | **जम्मा** | **फछ्र्यौट/कारवाही भएका विवाद** | **फछ्र्यौट/कारवाही हुन बाँकी विवाद** |
|---|---|---|---|---|
| ० | १६ | १६ | १६ | ० |

उपरोक्तानुसार यो वर्ष जम्मा १६ वटा मुद्धा दर्ता भएकोमा १६ वटै फछ्र्यौट भएको देखिएकोले न्यायिक समितिको प्रगती सन्तोषजनक पाईएको छ ।

१३ **कानुन निर्माणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वियनमा ल्याएको छ ।

| **सि.नं.** | **विवरण** | **संख्या** |
|---|---|---|
| १ | ऐन | १५ |
| २ | कार्यविधि तथा निर्देशिका | २५ |
| ३ | आचारसंहिता र नियमावली | ८ |
| | **जम्मा** | **४८** |

पारित भएका ४८ ऐन नियमलाई अनिवार्य रुपमा राजपत्रमा प्रकाशित गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

## १४ सेवाप्रवाहको स्थितिः

सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६५ वमोजिम सार्वजनिक निकायले सेवा प्रवाहलाई छिटो छरितो पहुंचयोग्य वनाउनुपर्दछ । यस पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्न विषयमा विभिन्न प्रकारका १६३५ जनालाई देहाय बमोजिम पञ्जिकरण सेवा प्रवाह गरेको छ तर के कति सेवाग्राहीले सेवाको लागि निवेदन दिएका थिए सो को रेकर्ड प्राप्त हुन सकेन। पालिकाले सेवा प्रवाहको पृष्ठपोषणको रुपमा सेवाग्राही सन्तुष्टी फारमको विकास गरि पृष्ठपोषणको समेत व्यवस्था गर्नुपर्दछ ।

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | ७१९ |
| मृत्यु दर्ता | २२७ |
| बसाईसराई दर्ता | ३४८ |
| विवाह दर्ता | ३०९ |
| सम्बन्ध विच्छेद दर्ता | ३२ |
| **जम्मा** | १६३५ |

## १५ मन्दिर गुम्बा र चर्च निर्माणः

पालिका भित्र आ व २०८०।८१ मा निर्माण भएका मन्दिर गुम्बा विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | धार्मिक स्थलको प्रकार | २०८०।८१ मा | पालिकाको अनुदान रकम |
|---|---|---|---|
| १. | मन्दिर | ३ | ६१०००० |
| २. | गुम्बा | ० | ० |
| ३. | चर्च | ० | ० |
| जम्मा | | ३ | ६१०००० |

उपरोक्त विवरण अनुसार आ व २०८०।८१ मा ३ वटा धार्मिक स्थलहरु निर्माण भएको देखिन्छ। यस्ता संरचना निर्माण गर्नुपुर्व सम्भाव्यता अध्ययन संचालनको एवं त्यसको औचित्य समेत स्थापित हुने गरी कार्य सम्पादन हुनुपर्दछ ।

## १६ भूमिहिन दलित र सुकुम्बासी तथा अव्यवस्थित बसोबासको लगत संकलनः

सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६५ वमोजिम सार्वजनिक निकायले सेवा प्रवाहलाई छिटो छरितो पहुंचयोग्य वनाउनुपर्दछ। पालिकाले विभिन्न वडा मार्फत् अव्यवस्थित बसोबासको लगत संकलन र लालपुर्जा तथा नापि कार्य कुनै पनि अगाडी वढाईएको पाईएन तसर्थः यस कार्यमा विशेष ध्यान पुर्याउनु पर्दछ ।

## १७ नक्सा दर्ता र पासः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा पालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । पालिकाको भवन निर्माण ईजाजात शाखाबाट प्राप्त भएको नक्शा दर्ता संख्या तथा नक्सापास संख्याको विवरण देहाय बमोजिम रहेको छः

| क्र.सं. | आर्थिक वर्ष | नक्सा दर्ता संख्या | नक्सापास संख्या |
|---|---|---|---|
| १ | ०८०।८१ | ४ | ४ |

भवन संहिताको प्रभावकारी पालना र कार्यान्वयनलाई ध्यान दिंदै नक्सा दर्ता र पास बढोत्तरी गर्ने कार्यमा समेत ध्यान दिनुपर्दछ ।

१८ .

आन्तरिक र खर्च आयको विश्लेषण - पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरए देहाय बमोजिम रहेको छ ।

| क्र.स. | आर्थिक वर्ष | आन्तरिक आय रु | पालिकाको जम्मा खर्च रु | आयको तुलनामा खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०।८१ | ६८३० | ५०५५३२ | १.३५ |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु ५० करोड ५५ लाख ३२ रहेको छ भने राजश्व संकलन करोड ६८ लाख ३० हजार गरेको छ । पालिकाको आन्तरिक आय कूल खर्चको १.३५ प्रतिशत हुन आउँछ जुन खर्चको तुलनामा आन्तरिक आय न्यून रहेको देखिन्छ ।आन्तरिक आयलाई वढोत्तरी गरी संघीय सरकारको परनिर्भरतालाई घटाउंदै जानुपर्दछ ।

१९ **शीर्षकगत राजस्व लक्ष्य तथा असुलीः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पत्ति कर | २०० | ४९० | २४५ |
| भूमिकर मालपोत | ६०० | ८०४ | १३४ |
| वहालकर | १०० | ५९४ | ५९४ |
| सिफारिस दस्तुर | ४००० | ३०२८ | ७५.७ |
| व्यवसायकर | ५०० | १७९ | ३५.८ |
| नक्सापास दस्तुर | ० | ५१ | १०० |
| अन्य | २८०० | १६६० | ५९.२९ |
| पालिकको आन्तरिक राजस्व | ७००० | ६८३१ | ९७.५८ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा ९७ प्रतिशत आन्तरिक आय संकलन गरेको देखिन्छ । सिफारिस दस्तुरमा लक्ष्यको तुनलामा ७५.७ प्रतिशत, व्यवसायकरमा ३५.८ र अन्य शिर्षकमा ५९.२९ लक्ष्य भन्दा असुली वढी भएतापनि राजस्वको दायरालाई अझ फराकिलो वनाउनुपर्ने देखिन्छ ।

२० **करमा दर्ताः**

पालिकाको आर्थिक ऐन, २०८० को दफा(१ देखि १५)सम्ममा उल्लेख भएवमोजिम पालिकाको क्षेत्रभित्र कुनैपनि आर्थिक कारोवार गरेमा सम्वन्धित दफा तथा अनुसुची वमोजिम दर्ता भई कर दाखिला गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको क्षेत्रभित्र आर्थिक वर्ष २०८०।८१ सम्म विभिन्न शीर्षकमा के कति करदाता करको दायरामा आए भन्ने एकिन गरेको देखिएन । सम्पूर्ण रेकर्ड व्यवस्थापन हुनुपर्दछ ।

२१ **व्यवसाय करः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ४ वमोजिम पालिका क्षेत्र भित्र अनुसुची ३ वमोजिम व्यवसायकर लगाईने उल्लेख छ ।यस पालिकाको कार्यक्षेत्रभित्र कति करदाता व्यवसायकरमा दर्ता भएको छन् कुनै स्पष्ट रेकर्ड नै नभएकोले विश्लेषण गर्न सकिएन । यस पालिकाले कार्यक्षेत्रभित्रको व्यवसाय करमार्फत यस वर्ष रु ५ लाख राजस्व असुल गर्ने लक्ष्य राखेकोमा यस शीर्षकमा रु. १ लाख ७९ हजार असुली भएको छ । लक्ष्य अनुसार असुली नहुनुको कारण पहिचान गरी राजस्वको दायरामा वढीत्तरी गर्नुपर्दछ ।

२२ **कर वक्यौता व्यवस्थापनः**

यस वर्षसम्म दर्ता भएका कूल करदाता कति हुन र कति करदाताले करदाखिला गरे साथै २०८१ आषाढ सम्म के कति करदाताले कर तिर्न वांकी रहेको छ वांकी वक्यौता कति हो सोको अद्यावधिक विवरण पेश हुन सकेन । पालिकाले करदाताको वक्यौता अभिलेख

रियलटाईम अद्यावधिक भएको पाईएन तसर्थः करदाताको रियल टाईम वक्यौता देखिने गरी प्रणालीको विकास गरी लगत अद्यावधिक गर्नुपर्दछ ।

२३ **कन्टिनजेन्सी खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा कन्टिन्जेन्सी कट्टा गर्नुपर्ने सम्वन्धि व्यवस्था रहको छ। पालिकाले यस वर्ष विभिन्न शिर्षकमा रु. १४ लाख ८३ हजार कन्टिन्जेन्सी खर्च गरेको छ। खर्च लेख्दा खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर मात्रै कन्टिन्जेन्सी खर्च गर्नुपर्दछ ।

| **कन्टिन्जेन्सी रकमको विवरण** | **खर्च रकम** |
|---|---|
| दैनिक भ्रमण | ५,७६,००० |
| फिल्ड भत्ता | ४,९५,००० |
| बैठक भत्ता | १,७३,५०० |
| मसलन्द तथा सामाग्री खरिद | १,०९,००० |
| खाना तथा खाजा | १,२९,५०० |
| जम्मा | १४,८३,००० |

२४ **स्यानिटरी प्याड :**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक , चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ११३६ जना रहेका छन। पालिकाले भौ. नं. ३९१ मिति ०८१।३।२३ बाट १७६५० थान स्यानिटरी प्याड रु. ७,५४,५०० (मु अ कर समेत) मा खरिद गरेको छ।खरिद गरेको स्यानिटरी प्याड २४ वटा बिधालयमा १७६५० थान वितरण गरिएको छ । खरिद गरेको स्यानिटरी प्याड विधालयलाई वितरण गरिएको भएता पनि पालिकाद्धारा विद्यालयमा उक्त प्याडको व्यवस्थापन र वितरण सम्वन्धमा अनुगमन गरी वास्तविक रुपमा विधार्थिहरुबाट प्रयोग भएको सुनिश्चित गर्नुपर्दछ ।

२५ **शिक्षक विधार्थि अनुपात :**

स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । विद्यालय समायोजन कार्यान्वियन निर्देशिका, २०७० ले जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिको निर्णयले न्यून विद्यार्थी भएका विद्यालयलाई अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्नसक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागी विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तर्गत रहेका ४९ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ ।

| क्र. सं | विधालयको नाम | शिक्षक संख्या | विधार्थि संख्या | शिक्षक विधार्थि अनुपात |
|---|---|---|---|---|
| १ | बराह प्राथमिक विधालय | ४ | २४ | १:६.०० |
| २ | धिमिकरीना माध्यमिक विधालय | १४ | १४७ | १:१०.५० |
| ३ | जनकल्याण आधारभूत विधालय | ७ | ८९ | १:१२.७१ |
| ४ | सरस्वती प्राथमिक विधालय | ४ | ४३ | १:१०.७५ |
| ५ | अमर प्राथमिक विधालय | ३ | ६३ | १:२१.०० |
| ६ | बबिरा प्राथमिक विधालय | १ | ११ | १:११.०० |
| ७ | भिमादरवार प्राथमिक विधालय | ४ | ७० | १:१७.५० |
| ८ | हरीकमल प्राथमिक विधालय | ३ | ३३ | १:११.०० |
| ९ | जनकल्याण माध्यमिक विधालय | १६ | २२० | १:१३.७५ |
| १० | जनप्रिय आधारभूत विधालय | ७ | ६९ | १:९.८६ |
| ११ | कालिका प्राथमिक विधालय | १ | १२ | १:२.०० |
| १२ | मुन्द्रीदेव आधारभूत विधालय | ६ | ५४ | १:९.०० |
| १३ | शिवालय प्राथमिक विधालय | ७ | ५९ | १:८.४३ |
| १४ | जनएकता प्राथमिक विधालय | ३ | ४१ | १:१३.६७ |
| १५ | जनप्रिय प्राथमिक विधालय | ३ | ४६ | १:१५.३३ |
| १६ | जनता माध्यमिक विधालय | ११ | १६२ | १:१४.७३ |
| १७ | लक्ष्मि माध्यमिक विधालय | १६ | १२५ | १:७.८१ |
| १८ | निर्मल प्राथमिक विधालय | ५ | २७ | १:५.४० |
| १९ | युनिक प्राथमिक विधालय | ५ | ८२ | १:१६.४० |
| २० | बारलुङ्ग आधारभूत विधालय | १ | ३ | १:३.०० |
| २१ | भूमे आधारभूत विधालय | ७ | ३७ | १:५.२९ |
| २२ | चन्द्र प्राथमिक विधालय | ७ | ६० | १:८.५७ |
| २३ | धारा माध्यमिक विधालय | १६ | ३०६ | १:१९.१३ |
| २४ | गणतन्त्र प्राथमिक विधालय | २ | १४ | १:७.०० |
| २५ | मुक्तिनाथ आधारभूत विधालय | ७ | १०४ | १:१४.८६ |
| २६ | नारायणी माध्यमिक विधालय | १६ | २४० | १:१५.०० |
| २७ | पशुपति प्राथमिक विधालय | ३ | ३७ | १:१२.३३ |
| २८ | अमर माध्यमिक विधालय | २१ | ४०९ | १:१९.४८ |
| २९ | ग्राम विकास आधारभूत विधालय | ८ | ८६ | १:१०.७५ |
| ३० | हिमालय आधारभूत विधालय | १ | ५ | १:५.०० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | कारलिम आधारभूत विधालय | १० | १०९ | १:१०.९० |
| ३२ | नवयुवब आधारभूत विधालय | ६ | १३९ | १:२३.१७ |
| ३३ | अमर आधारभूत विधालय | ४ | ७७ | १:१९.२५ |
| ३४ | अमृतपानी आधारभूत विधालय | ८ | १०० | १:१२.५० |
| ३५ | भिमसेन माध्यमिक विधालय | २७ | ४०१ | १:१४.८५ |
| ३६ | खोलातिर प्राथमिक विधलय | ३ | २८ | १:९.३३ |
| ३७ | प्रजातन्त्रोदय प्राथमिक विधालय | १ | १० | १:१०.०० |
| ३८ | धौलागिरी प्राथमिक विधालय | ३ | २१ | १:७.०० |
| ३९ | जनकल्याण आधारभूत विधालय | ९ | १५१ | १:१६.७८ |
| ४० | कालिका प्राथमिक विधालय | २ | २५ | १:१२.५० |
| ४१ | कृष्ण प्राथमिक विधालय | ३ | २७ | १:९.०० |
| ४२ | ओदानडाँडा प्राथमिक विधालय | २ | २४ | १:१२.०० |
| ४३ | रेशनुन्थला माध्यमिक विधालय | १८ | ३४५ | १:१९.१७ |
| ४४ | सरस्वती प्राथमिक विधालय | ३ | ३० | १:१०.०० |
| ४५ | परोपकार प्राथमिक विधालय | २ | ३४ | १:१७.०० |
| ४६ | कादेश आधारभूत विधालय | ७ | १०७ | १:१५.२९ |
| ४७ | काशिराम छन्त्याल प्राथमिक विधालय | ४ | ५८ | १:१४.५० |
| ४८ | लेखानी माध्यमिक विधालय | १८ | २९८ | १:१६.५६ |
| ४९ | सरस्वती प्राथमिक विधालय | ३ | ३४ | १:११.३३ |
| | जम्मा | ३४२ | ४६९६ | १:१३.७३ |

यस पालिकामा रहेका विधालय मध्ये उल्लेखित विधालयमा शिक्षक विधार्थि अनुपात १:२ देखि १:२३.१७ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ । सो अनुसार कतिपय विधालयमा शिक्षक दरबन्दी न्यून अबस्थामा रहेको र कतिपयमा न्यून विधार्थि संख्या रहेका कारण प्रति विधार्थि लागत बढ्न गएको अवस्था देखिन्छ । अत: भौगोलिक दुरी टाढा भएमा बाल विकाश केन्द्र स्थापना गरी न्यून विधार्थी संख्या भएको विधालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरी पठन पाठन ब्यवस्थित गर्नुपर्दछ ।

२६ **छात्रवृत्ति :**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/०८१ अनुसार पालिकाले सार्वजनिक विधालयमा अध्ययनरत विधार्थिहरुका लागी छात्रवृत्ति अनुदान IEMIS डाटा अनुसार स्वीकृत दररेट बमोजिम उपलब्ध गराएकोमा सरस्वती प्राथमिक बिधालयबाट भरपाई पेश हुँदा निकासा बिधार्थि संख्या भन्दा कम संख्यामा भरपाई प्राप्त भएकोले वितरण नभई विधालयमा बाँकी रहेको रकम सरस्वती प्राथमिक विधालय,लेखानी बाट असुल गरी संघिय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **८,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **२,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **४,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **११,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **२,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **९,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **५,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **९,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **४,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **२,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४०० |

२७ **सिकाई सामाग्रि तथा डिजिटल सामाग्री ब्यबस्थापन :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **९२५,८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२८ **शिक्षक दरवन्दी र पदपूर्ति :**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विधालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको ब्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४९ सामुदायिक विधालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विधार्थिको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| विधालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ति | पदपूर्ति मध्ये राहत / करार | रिक्त दरबन्दी | बिधार्थि संख्या |
|---|---|---|---|---|---|
| सामुदायिक | ३४२ | २०७ | १३५ | ० | ४६९६ |

उक्त विवरण अनुसार पालिकामा जम्मा ३४२ दरबन्दी रहेकोमा २०७ जना स्थायी पदपूर्ति र १३५ राहत / करारमा नियुक्त गरी जम्मा ३४२ पदपुर्ति गरेको देखिन्छ भने कुनै पनि दरबन्दीको पद रिक्त रहेको छैन । पालिकाले विधालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ति गरी सामुदायिक विधालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२९ **शैक्षिक सुद्धढिकरण एवम कार्यसम्पादनमा आधारीत प्रोत्साहन अनुदान :**

भौ.न. ३१९ मिति ०८१-३-१० बाट अमर माध्यमिक विधालय लाई कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप नं.२.७.१३.१३ को ९.७ र ९.८ अनुसार नमुना विधालय शैक्षिक तथा ब्यवस्थापकिय अनुदान र शिक्षक र प्र.अ. विधालय प्रोत्साहन अनुदान शिर्षक अनुसार रु. ३२,००,००० अनुदान दिएकोमा त्यस अनुदान रकम बाट कार्य सम्पन्न भएकोमा आयकर ऐन, २०५८ को अनूसूची १ बमोजिम १.५ प्रतिशतले हुन आउने अग्रिम कर दाखिला गर्दा छुट हुन गएको कर विधालयबाट असुल गरी संघिय कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,५६२ |

३० **सट्टा शिक्षक :**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको काम कर्तव्य अधिकारको ब्यबस्था रहेको छ । जस अनुसार स्थानिय तहले आधारभूत तथा माध्यमिक तह सम्मको शैक्षिक ब्यवस्थापन, शिक्षक दरवन्दी मिलान, परिक्षा ब्यवस्था जस्ता कार्यहरु गर्नुपर्ने देखिन्छ ।स्थानीय सरकार सञ्चालन ऐन पश्चात स्रोत केन्द्र सम्बन्धी ब्यवस्था खारेज भएकोमा पालिकाले स्रोत ब्यक्तिको रुपमा लेखानी माध्यमिक विधालय काठेखोलामा कार्यरत शिक्षक रामानन्द कँडेल लाई पालिकामा कामकाज गर्ने गरी काजमा राखिएको र निजको सट्टामा १ जना शिक्षक बिष्णु कुमारी कँडेल लाई नियुक्ति गरी तलव भत्ता शिर्षकमा पालिकाबाट वार्षिक रु.५,९३,९५७।०० खर्च लेखेको देखिन्छ । यसरी पालिकाको शिक्षा महाशाखामा कर्मचारी ब्यवस्थापन भई सकेपश्चात पनि सामुदायिक शिक्षकको योग्यता, अनुभव,सेवा आयोगको छनौट प्रक्रिया फरक भएको अवस्थामा समेत शिक्षक रामानन्द कँडेल लाई पालिकामा राखि निजको सट्टामा विष्णु कुमारी कँडेल लाई तलव भत्ता भुक्तानी दिएको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,९३,९५७ |

३१ **ईन्टरनेट जडान :**

कार्यक्रम कार्यन्वयन पुस्तीका २०८०।०८१ को व्यवस्था अनुसार पालिका भित्रका ४७ विद्यालयहरुलाई ईन्टरनेट जडानका लागी प्रति विद्यालय रु.१२ हजार का दरले भौ.न. ३५२ मिति २०८१।३।१८ बाट रु.५,६४,००० भुक्तानी भएकोमा श्री हरीकमल प्राथमिक विधालय, भिमापोखरा रु.१२,००० र श्री मुनद्रीदेव आधारभूत विधालय, भिमापोखरा रु.१२,००० समेत

आधारभूत विधालय, पाला मुन्द्रेदेव आधारभूत विधालय र जनकल्याण माध्यमिक विधालयमा विधालय सुपरीक्षण तथा शिक्षकको निरन्तर पेसा र सहयोग तथा मेन्टरीङ पद्धतीको कार्यान्वयन कार्यक्रमको मिति ०८१।३।५,०८१।३।६,०८१।३।११ र ०८१।३।१२ मा अनुगमन गरी कर्मचारीहरुलाई अनुगमन गरे वापत भत्ता दिएको नियम सम्वत नदेखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु.

| क्र.स. | नाम,थर | पद | अनुगमन भत्ताको दर | दिन | करकट्टी पछिको असुल गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| १ | रामानन्द कँडेल | स्रोत ब्यक्ति | १५०० | ३ | ३८२५ |
| २ | रघुनाथ कँडेल | भिमसेन मा.वि. | १५०० | २ | २५५० |
| ३ | गोविन्द बहादुर भण्डारी | लक्ष्मी मा.वि. | १५०० | १ | १२७५ |
| | | | | जम्मा | ७,६५० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **३,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,६५० |

३४ **स्वास्थ्य तर्फको दरवन्दीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ ।संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि २०७४ मा स्विकृत दरवन्दी भन्दा बाहिर अन्य रुपमा कर्मचीहरु राखि तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानुन विपरित भई असुल उपर हुने व्यवस्था छ । स्विकृत दरबन्दी भन्दा बाहिरका विभिन्न पदका ३ कर्मचारी राखी जेठ र आषाढको रु. १३८००० खर्च लेखेको अनियमित देखिएको रु.

| क्र स | कर्मचारीको नाम | पद | तलब स्केल | कुल भुक्तानी |
|---|---|---|---|---|
| १ | ललिता वि क | अ. न. मि. | २३००० | ४६००० |
| २ | मिना थापा | अ. न. मि. | २३००० | ४६००० |
| ३ | यामुना सुनार | अ. हे. व. | २३००० | ४६००० |
| | जम्मा | | | १३८००० |

| | |
|---|---|
| अनियमित भएको | १,३८,००० |

३५ **कृषि तथा पशुमा अनुदानः**

प्रदेश तथा स्थानीय तहमा सशर्त वितिय हस्तान्तरित कृषि विकास संचालन कार्यविधि २०८० अनुसार सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सो को प्रभावकारीता मापन गर्ने

संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ। साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ। पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष संचालित प्रमुख कार्यक्रम देहाय अनुसार छन्

| **अनुदानको क्षेत्रहरु** | **विवरण** | **अनुदान रकम** |
|---|---|---|
| कृषि | ७१ वटा कृषि अनुदान कार्यक्रम | ३१,८८,९२६ |
| पशु तर्फ | ४ वटा पशु तर्फका अनुदान कार्यक्रम | १६,७८,८२७ |

कृषि क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। पालिकाले कृषि क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो। एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने तथा अनुदानग्राहीको विवरण सार्वजनिक गरी पारदर्शिता कायम गराउन तर्फ पालिकाले जोड दिनुपर्दछ।

३६ **वढी भुक्तानीः**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **१६,०३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३७ **पाईप प्रयोगः**

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। छ। भौ नं ४९४।०८१।१३ बाट करेसाबारी तथा सिचाई योजनाका लागी वडा नं ७ मा गौतम सप्लायर्स बाग्लुङ बाट रु १४७४७४ को पाईप खरिद गरी ११ जनालाई हस्तान्तरण गरेकोमा उक्त पाईपको कतै प्रयोग भएको नदेखिएको र अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन पेश नभएकोले उक्त पाईप प्रयोग सम्वन्धमा आवश्यक प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४७,४७४ |

३८ **सामाजिक सुरक्षाः**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **४९,९९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **६,२३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३९ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशका, २०७५ अनुसार स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा बाटो निर्माण काम लगायतका 1१ निर्माण तथा मर्मतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ८० जनालाई रोजगारी उपलव्ध गराई कुल ज्याला रु. ५२ लाख ८४ हजार ६१७ खर्च गरेको छ। लक्षित वर्गलाई औषत ९९ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखिएको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना गर्न तर्फ पालिकाले जोड दिनुपर्दछ।

४० **सुरक्षित आप्रवाशन (सामि)ः**

सुरक्षित आप्रवसन कार्यक्रम मार्गदर्शन २०७९ वमोजिम पालिकामा वैदेशिक रोजगारलाई सुरक्षित मर्यादित र व्यवस्थित वनाउन नेपाल सरकारद्धारा सुरक्षित आप्रवासन कार्यक्रम संचालनमा रहेकोमा उक्त कार्यक्रममा रहेको कुल वजेट रु. २३,००,०००।०० मा रु. २२,०८,८१५।०० खर्च भएको छ। स्थानिय तहमा पार्श्व चित्रमा वैदेशिक रोजगार सम्वन्धि तथ्याङ्क संकलन गरी समावेश गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित वनाउंदै थप उपलव्धीमुलक वनाउने यो कार्यक्रमको मुल उछेश्य रहेको छ। उक्त कार्यक्रममा विभिन्न ५ जना कर्मचरी तथ्यांङ्क संकलकलाई रु. १५,२९,२५०।०० पारिश्रमिक खर्च र अभिमुखिकरण, क्षमता विकास तथा बैठक लगायतका शिर्षकमा रु. ६,७९,५६५।०० खर्च गरेको देखियो। श्रेष्ता परीक्षण गर्दा वित्तिय साक्षरता, मनोपरामर्शको कार्यक्रम र वैदेशिक रोजगारमा जाने कामदारलाई सिप क्षमता अभिवृद्धि गर्ने कार्यक्रममा विशेष ध्यान दिएको देखिदैन। पालिकाले यसको प्रभावकारिताका लागी थप कदम चाल्न आवश्यक देखिन्छ।

४१ **एकपाटा बौर सडक योजना संघिय समपूरक :**

४१.१ एकपाटा बौर सडक योजना संघिय समपूरक तर्फको यस योजना मिति २०७७।२।२६ मा कवोल अंक रु ६७१४७१२४.२६ (भ्याट सहित) मा निर्माण व्यवसायी M/s Joshi-Nishan-Acharya JV सँग मिति २०७९।२।२६ मा सम्पन्न गर्नेगरी सम्झौता भएको छ ।यस सम्बन्धि थप व्यहोराहरु : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की भुक्तानी र फछर्योट सम्बन्धि व्यवस्था रहेको छ ।सो नियमको उपनियम ६ मा उल्लेख भए अनुसार खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयावधिभित्र सम्पादन नगरेको कारणले यस नियम बमोजिमको पेश्की फछर्योट हुन नसकेमा सार्वजनिक निकायले उपनियम ३ बमोजिमको बैँङ्क जमानतको रकम सम्बन्धित बैँङ्कबाट प्राप्त गरी फछर्योट गर्नुपर्नेछ र निजबाट त्यस्तो पेश्की रकमको सयकडा १० प्रतिशत व्याज समेत असुल उपर गर्नुपर्नेछ भनि उल्लेख गरेको छ ।निर्माण व्यवसायीले आर्थिक वर्ष २०७९।८० को अवधिमा कुनैपनि काम नगरी शुन्य प्रगती भएको देखिएको छ।यस निर्माण कार्यको अवधि २०७७।२।२६ देखि २०७९।२।२६ सम्म रहेको छ । उक्त समयावधिमा सम्पन्न हुन नसकि लेखापरीक्षणको अवधिसम्ममा भौत्तिक प्रगति ६० प्रतिशत भई तेस्रो पटकको म्याद थप २०८१ चैत्र मसान्त सम्मको अवधि रहेको छ ।२ वर्षको निर्माण अवधि रहेको उक्त कामको लागि निर्माण सम्पन्न गर्नुपर्ने अवधि सम्पन्न भई पुन सो भन्दा बढी अर्थात २ वर्ष र १० महिना अवधि थप हुँदा सम्म उक्त निर्माण कार्य ६० प्रतिशत मात्र सम्पन्न भएको पाइएको छ ।सुरु अवधिमा पहिलो पटक मिति २०८० असार मसान्त सम्म म्याद थप भएको पाइएको भने सो पश्चात आर्थिक वर्ष २०७९।८० मा कुनैपनि काम नभई प्रगति शून्य रहेको पाइएको छ ।निर्माण व्यवसायी काम गर्न निर्माण स्थालमा नआएकोले कार्यालयले निर्माण कार्य सुचारु गरी समयमा काम सम्पन्न गर्नुपर्ने भनी पटक पटक पत्र जारी गरेको देखिएको छ ।उक्त अवधिमा कुनैपनि काम नगरी निर्माण व्यवसायीले शून्य प्रगति गरेको तथा सो समयमा विल पेश गरी मोविलाईजेशन पेश्की समेत कट्टी हुन नसकेकोले नियमावलीमा भएको व्यवस्था अनुसार सो समयावधिमा कुल पेश्की रु ११८००००० मध्ये रु ५१५०००० फछर्योट भई बाँकी रु ६६५०००० मा कानुन बमोजिम दश प्रतिशत व्याज रु ६६५००० निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,६५,००० |

४१.२ सोही निर्माण कार्यको पेश्की रु ११८००००० रहेकोमा निम्नानुसारको लेखापरीक्षण अवधिसम्ममा रु ५१५०००० फछर्योट भई बाँकी रु ६६५०००० देखिन्छ भने सो निर्माण कार्यको म्याद २०८१ चैत्र मसान्त सम्म रहेको छ । निर्माण कार्यको निर्माण सम्झौता रु ६७१४७१२४ मा हालसम्म को भुक्तानी पेश्की सहित पालिका तर्फबाट रु २०१८३३८२ र संघिय तर्फबाट रु २४२५७४१४ गरी कुल रु ४४४४०७९६ भएको छ अर्थात ६६ प्रतिशत खर्च भई सकेको छ । निर्मण कर्यको म्याद थप सुरु अवधिको १४० प्रतिशत अर्थात सुरु अवधि २ वर्षमा २ वर्ष १० महिना म्याद थप भई जम्मा ४ वर्ष १० महिना समयावधि व्यतित भएको छ ।यस अवस्थामा हालसम्म पनि पेश्की पुरै कट्टा नभई बाँकी रहेको छ । निर्माण व्यवसायीले नियमित काम नगरी ठेक्का सम्पन्न गर्ने अवधि लम्बिएको लेखापरीक्षणको समयमा देखिएको छ । पालिकाले उक्त निर्माण व्यवसायीलाई काम सम्पन्न गर्न पटक पटक ताकेता गरी पत्र लेखेको देखिएको छ । हालसम्म पनि कार्यसम्पन्न नगरेको तथा काम सम्पन्न गर्ने तागरुकता समेत नदिएको कारण पालिकाले पेश्की जमानत जफत गरी पालिकको विविध खातामा राखेको देखिएकोमा सो रकम संघिय संचित कोषमा दाखिला गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६६,५०,००० |

४१.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम खरिद ऐनको दफा ५६ बमोजिमको अवस्था अर्थात कावु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध नगराएको वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि बढाउनु परेमा संशोधित कार्यतालिका सहित अवधि थपको निवेदन निर्माण व्यवसायीले दिनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले दिएको निवेदनमा उपरोक्त व्यहोराहरु खुलेको देखिंदैन । नियम १२०(३) बमोजिम उपरोक्त आधारहरु नभएमा निर्धारित क्षतिपूर्तिको अवस्था आकर्षित हुने उल्लेख छ ।यस निर्माण कार्यकोलागि माथि उल्लेखित समयावधिमा कार्यसम्पन्न नभई निर्माण कार्यको सुरु अवधि २ वर्ष रहेकोमा सो भन्दा बढि अर्थात २ वर्ष १० महिना समयावधि थप भएको छ ।उक्त निर्माण कार्य लेखापरीक्षणको अवधि अर्थात २०८१ पौष ११ सम्ममा ६५ प्रतिशत मात्र कार्यसम्पन्न भएको र तेस्रो म्याद थपको अवधि २०८१ चैत्र मसान्त सम्म रहेको पाइएको छ ।यसबाट निर्माणकार्यको Time Overrun भएको तर काम सम्पन्न नभएको देखिएको छ ।कार्यलयले पटक पटक कार्यप्रगति सन्तोषजनक नभएको भनि पत्र पठाएको पाइएको छ । यस निर्माण व्यवसायीले सुरुदेखिनै सन्तोषजनक तरिकाले काम नगरेको देखिएको छ ।२ वर्षको निर्माण अवधि रहेको उक्त कामको लागि निर्माण सम्पन्न गर्नुपर्ने अवधि सम्पन्न भई पुन सो भन्दा बढी अर्थात २ वर्ष र १० महिना अवधि थप हुँदा सम्म उक्त निर्माण कार्य ६० प्रतिशत मात्र सम्पन्न भएको पाइएको छ ।सुरु अवधिमा पहिलो पटक मिति २०८० असार मसान्त सम्म म्याद थप भएको पाइएको भने सो पश्चात आर्थिक वर्ष २०७९।८० मा कुनैपनि काम नभई प्रगति शून्य रहेको पाइएको छ ।निर्माण व्यवसायी काम गर्न निर्माण स्थालमा नआएकोले कार्यालयले निर्माण कार्य सुचारु गरी समयमा काम सम्पन्न गर्नुपर्ने भनी पटक पटक पत्र जारी गरेको देखिएको छ ।निर्माण व्यवसायीले समयमा काम सम्पन्न नगरेको कारण संघिय समपूरक को यस योजनाको लागि संघबाट समेत बजेट उपलब्ध नभई हाल पालिकाले आन्तरिक श्रोतबाट नै खर्च लेख्नुपर्ने अवस्था समेत आएको छ ।उक्त निर्माण कार्यका लागि समयमाकार्य सम्पन्न नभएको तथा अधिक म्याथ थप अवधि रहेको कारण र हालसम्म पनि निर्माण कार्य सन्तोषजनक नभएको कारण आगामी म्याद थप गर्दा पूर्वनिर्धारित क्षतिपूर्ति सहित मात्र म्याद थप गरी यथाशिघ्र कार्यसम्पन्न गराउनुपर्दछ ।

४१.४ सोही निर्माण कार्यको पेश्की रु ११८००००० रहेकोमा निम्नानुसारको भौचर नम्बर तथा आर्थिक वर्षमा निम्नानुसार फछ्र्यौट तथा कतिपय रनिङविलबाट कट्टा नभई बाँकी रहेको छ। यस निर्माण कार्यको निर्माण सम्झौता रु ६७१४७१२४ रहेको छ भने हालसम्म को भुक्तानी पेश्की सहित पालिका तर्फबाट रु २०१८३३८२ र संघिय तर्फबाट रु २४२५७४१४ गरी कुल रु ४४४४०७९६ भुक्तानी भएको छ अर्थात ६६ प्रतिशत खर्च भई सकेको छ । निर्मण कर्यको म्याद थप सुरु अवधिको १४० प्रतिशत अर्थात सुरु अवधि २ वर्षमा २ वर्ष १० महिना म्याद थप भई जम्मा ४ वर्ष १० महिना समयावधि व्यतित भएको छ ।यस अवस्थामा हालसम्म पनि निर्माण कार्यसम्पन्न हुन नसकेको अवस्था छ । अत; निर्माण कार्य समयमै सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिएको छ ।

४२ **घटी रकमको कार्यसम्पादन जमानत :**

सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था अनुसार निर्माणकार्यको लागि तोकिए बमोजिमको रकम कार्यसम्पादन जमानत पेश गर्नुपर्ने उल्लेख छ । किम्बोट चिरपानी धमददास हुँदै ठूल्ढुङ्गा मोटर बाटो स्तरोन्नति कार्यको लागि ओम मल्टी विल्डर्स प्रा लि सँग रु ४०३४९५९.२९ (भ्याट सहित) मा सम्झौता भई कार्य भएकोमा उक्त कार्यको लागि कार्ससम्पादन जमानत रु २००००० पेश गरेकोमा सम्झौता अनुसार पेश गर्नुपर्ने कार्यसम्पादन जमानत रु २२३२५८ हुनुपर्नेमा रु २३२५८ घटि पेश गरेकोले सो नपुग जमानत थप गरी प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,२५८ |

४३ **हेफरसंग सहकार्यः** (376,573-२०८१-३-२३):

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्वन्धि तालिम अभिमुखिकरण, सबलीकरण जस्ता कार्य छिटो, छरितो र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकिए बमोजिम प्रकृया अपनाई सेवा प्रबाह गर्न सक्ने व्यवस्था छ। पालिकाले तीन वर्षको यस परियोजनाको कुल बजेट रु ३,७३,३३,३३३।०० गैर सरकारी अन्तराष्टीय संस्था हेफर प्रोजेक्टसंग

२०७८ मंसिर १७ गते कृषि तथा पशु उद्यमशिलता विकास परियोजना संचालन गर्नका लागी पालिकाको ७५ प्रतिशत र हेफर प्रोजेक्टको २५ प्रतिशत लागत साझेदारी रहने गरी सम्झौता गरेको छ। यो वर्ष पालिका वाट रु. ९५,२३,६०१।०० र हेफरवाट रु. २८,३८,१४७।०० साझेदारी भई खर्च भएकोमा हेफरवाट संचालित परियोजनाहरुमा खोर निर्माण कार्यक्रम, मिनिटिलर, कम्वाईन मिल, प्लास्टिक टनेल तथा पशु वितरण कार्यक्रम संचालन गरेको पाईएकोले त्यस्तो कार्यक्रमहरु पालिकावाट पनि हुने गरेको छ। संविधानको मर्मअनुसार पनि स्थानीय सरकार गाँउगाँउमा अझ वडा वडामा जनताको सेवा प्रवाह गर्न स्थापित भएको सन्दर्भ र पालिकामै विषयगत कार्यक्रम सञ्चालन गर्न विषयगत महाशाखा तथा कर्मचारी दरवन्दी भैसकेको अवस्थामा र यस संस्थासंगको कूल लागत रु. ३ करोड ७३ लाख ३३ हजार हुने देखिंदा सार्वजनिक खरिद नियमावलीको नियम ९७ वमोजिम उपभोक्ता वा लाभग्राहीवाट गराउन नमिल्ने रु १ करोडको सिमा समेत नाघेको देखिएको छ ।साथै सार्वजनिक खरिद ऐनको दफा ८ वमोजिम विना प्रतिष्पर्धा एउटा संस्थालाई छनौट गरी सम्झौता गर्नु मनासिव नदेखिएको रु

| खर्चका क्षेत्रहरु | पालिकाको साझेदारी रु ९५२३६०१ मध्ये | हेफरको साझेदारी रु २८३८१४७ मध्ये |
|---|---|---|
| तालिममा | १७, २७ , २२४ | २९,८९५ |
| पशु खरिद तथा ढुवानी | १०, ०४ , ६२५ | ० |
| कृषि औजार तथा उपकरण | ५२, १८ , ९०२ | ० |
| बागबानी तथा ढुवानी | ३, ९५ , ००० | |
| प्राविधिक सेवा तथा मुल्याङ्कन | ११७७८५० | ६, ३२ , ६७४ |
| ट्राभल | ० | ३, २२ , १४० |
| कार्यालय खर्च | ० | १, ३० , ७८३ |
| तलब कर्मचारी | ० | १७, २२ , ७५५ |
| जम्मा | ९५, २३ , ६०१ | २८, ३८ , १४७ |

| | |
|---|---|
| अनियमित भएको | ९५,२३,६०१ |

४४ **वढी भुक्तानीः** (470-२०८१-३-२३):

सडक विभागको रोड तथा व्रिजको स्टान्डर्ड नम्स,२०७५ अनुसार Spec.. 2000 अनुसार पि.सि.सि,आर.सि.सि, ढलान कार्यमा लेवर, मेटरियलका साथसाथै एडमिक्सर, भाईव्रेटर, रोलर समेत थप गरेर नम्स निर्धारण गरेको छ । यस कार्यालयवाट सञ्चालित निम्नानुसारका सडक निर्माण योजनाहरुमा Rate analysis गर्दा Vibrater Mixer को दर समेत राखी भुक्तानी गरेको तर सम्पन्न प्रतिवेदनसाथ पेश गरेको श्रेष्तामा विजक भर्पाई भिडान गर्दा सोलाई पुष्ट्याई गर्ने प्रमाण संलग्न भएको नपाईएकोले प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने

| क्रस | गो.भौ.नं/ मिति | योजनाको विवरण | गरेको कार्य | दर (भाईव्रेटर मिक्सर सहित) | दर (भाईव्रेटर मिक्सर वाहेक) | फरक | परिमाण | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४७०। २०८१। ०३।०६ | एकपाटा दोविल्ला सडक | Pcc M20 | ११३५८ | १०६०१ | ७५७ | ९९.३१ | ७५१९७ |
| २ | ४७०। २०८१। ०३।०६ | | Plum conctete | ८७१२ | ० | ५४१ | ३५.६८ | १९३०२ |
| ३ | ६११।२०८१।०३। ०६ | चनौटे एकपाटा सडक | Pcc M20 | ११३५८ | १०६०१ | ७५७ | ५२.३४ | ३९६७३ |
| जम्मा | | | | | | | | १३४१७२ |

| असुल गर्नुपर्ने | १,३४,१७२ |
|---|---|

४५ **लोकसेवा अनलाईनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ नियम ३७ वमोजिम सार्वजनिक निकायले खर्च लेख्दा मितव्ययी तवरले गर्नुपर्दछ । गाँउपालिका भित्रका विपन्न, जेहेन्दार, दलित, जनजाति तथा महिलाहरुका लागि अनलाईन लोकसेवा तयारी कक्षा सञ्चालन गर्नको लागि मिति २०८०।१०।१० देखि २०८१।०१।१० सम्मका लागि प्रा.वि लेवलको १५ जना, आ.वि लेवलको २०, मा.वि लेवलको १० जना, खरिदार १०, ना.सुको ४३ जना र अधिकृत ६ जना गरी कूल १०४ जनालाई लोकसेवा तयारी कक्षा वापत ई.विद्या एजुकेशन प्रालि संग सम्झौता गरी रु ४८३०००।०० भुक्तानी गरेको छ । पालिकाले यस प्रकारको अनुदान वितरण सम्वन्धमा स्पष्ट कार्यविधि वेगर खर्च गरेको तथा ति विद्यार्थि लोकसेवामा उत्तीर्ण भएपछि पालिकालाई के लाभ प्राप्त हुने हो साथै ती विद्यार्थी छनौटको आधार के हो स्पष्ट नखुल्ने भएकोले यस्तो रकम वितरण नियमसम्मत मान्न नसकिएको रु

| अनियमित भएको | ४,८३,००० |
|---|---|

४६ **के जी विद्यालय सञ्चालनः**

गो.भौ.नं ५१७। २०८०।०३।१८ वाट पालिकाले आफ्नो कार्यक्षेत्रभित्रका ३२ वटा विद्यालयमा के.जी विद्यालय सञ्चालनको लागि प्रति विद्यालय रु ६० हजारको दरले यस वर्ष रु १९२००००।०० खर्च गरेकोमा ती विद्यालयले के कस्ता शीर्षकमा के कति खर्च गरे प्रगति विवरण पेश नभएकोले अनुगमन गरी प्रतिवेदन पेश हुनुपर्ने रु

| प्रमाण पेश नगरेको | १९,००,००० |
|---|---|

४७ **उपभोक्ता समितिबाट भएका कार्यमा देखिएका कैफियतहरु :**

४७.१ उपभोक्ता समितिबाट भएका कार्यमा देखिएका कैफियतहरु : स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७४ मा उल्लेख भए अनुसार उपभोक्ता समितिले कार्य सम्पन्न गरेपछि सो कार्यको प्रमाण तथा कागजातको परिक्षण गरी सो अनुसार भुक्तानी गर्नुपर्ने उल्लेख छ । उपभोक्ताले अनुसूचि ३ बमोजिमको ढाँचामा सार्वजनिक परिक्षण फारम भर्नुपर्ने तथा अनुसुचि ४ बमोजिमको ढाँचामा खर्चको सुचना सार्वजनिक गर्नुपर्ने उल्लेख छ । नमुना परिक्षणका आधारमा परिक्षण गरीएका उपभोक्ता समितिहरु मध्ये केही उपभोक्ता समितिहरुमा खर्चको सार्वजनिकिकरण फार्म तथा खर्चको सार्वजनिक परिक्षण फारममा उल्लेख गरेको भन्दा बढी खर्च उपभोक्तालाई भुक्तानी भएको तथा सो को प्रमाण संलग्न नरहेको पाइएको छ । यस सँग सम्बन्धित व्यहोराहरु निम्नानुसार छन :

४७.२ माझकटेरा खेल मैदान शौचालय निर्माण भौ नं ७९ मिति २०८०।८।२५ बाट रु ३०८४७४ भुक्तानी गरेकोमा दर विश्लेषण अनुसार राखेको ढुवानी र प्राप्त प्रमाण ताथ कागजात र उपभोक्ताले खर्च सार्वजनिकिकरण फारममा उल्लेख गरेको ढुवानी भन्दा बढी भुक्तानी भएको छ ।दरविश्लेषण अनुसार राखिएको ढूवानी रकम रु २२६१८ रहेकोमा खर्च सार्वजनिकिकरण तथा प्रमाण अनुसार रु १६००० रहेकोले दर विश्लेण अनुसारकै भुक्तानी हुँदा रु ६६१८ बढी भुक्तानी भएको पाइएकोले उक्त रकम असुल हुनुपर्दछ ।

| सि नं | काम | कार्यसम्पन्न परिमाण (घ मि) | ढुवानी दर | जम्मा ढुवानी |
|---|---|---|---|---|
| १ | सोलिङ्ग | १.०८ | ७६७.२५ | ८२८.६३ |
| २ | १;६ स्टोन मेशनरी | १.१७ | ९१२.४६ | १०६७.५७ |
| ३ | पि सि सि 1:2:4 | ०.८५ | १६५९ | १४१० |
| ४ | रिबार | १८.४९ | ९९० | १८३०५ |
| ५ | कन्क्रिट ब्लक | २.४७ | ४०७.८२ | १००७.३१ |
|  | जम्मा |  |  | २२६१८.५१ |

| असुल गर्नुपर्ने | ६,६१८ |
|---|---|

४७.३ आर्चरी खेलमैदान पूर्वाधार निर्माण भौ नं ९३ मिति २०८०।९।१९ बाट रु २४५५१७ भुक्तानी गरेकोमा उक्त कार्यकोलागि ढुवानी तथा लोडिङ ।अनलोडिङ सहित ग्यावियन जालीको जम्मा प्रति जालि ढुवानी दर रु २३२९ ले कुल ४५ जालीको रु १०४८०५ दर विश्लेषणमा राखेको छ । प्राप्त कागजात तथा प्रमाण अनुसार तथा खर्च सार्वजनिकिकरण फारममा उल्लेख गरे अनुसार कुल ढुवानी लोडिङ। अनलोडिङ सहित रु ९१५०० रहेकोले रु १३३०५ बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

| असुल गर्नुपर्ने | १३,३०५ |
|---|---|

४७.४ विरौटा डोटेधारा कुसुन्ने सामुदायिक भवन भौ नं १३० मिति २०८०।१०।४ बाट रु ३०००००० भुक्तानी गरेकोमा दर विश्लेषण अनुसार राखेको ढुवानी र प्राप्त प्रमाण ताथ कागजात र उपभोक्ताले खर्च सार्वजनिकिकरण फारममा उल्लेख गरेको ढुवानी भन्दा बढी भुक्तानी भएको छ ।दरविश्लेषण अनुसार राखिएको ढूवानी रकम रु २३५२० रहेकोमा खर्च सार्वजनिकिकरण तथा प्रमाण अनुसार रु ६००० रहेकोले दर विश्लेण अनुसारकै भुक्तानी हुँदा रु १७५२० बढी भुक्तानी भएको पाइएकोले उक्त रकम असुल हुनुपर्दछ ।

| सि नं | काम | कार्यसम्पन्न परिमाण (घ मि) | ढुवानी दर | जम्मा ढुवानी |
|---|---|---|---|---|
| १ | पि सि सि 1:3:6 | 10.21 | 1289.6 | 13166.82 |
| २ | सोलिङ | 8.10 | 1278.2 | 10353.42 |
| | जम्मा | | | **23520** |

| असुल गर्नुपर्ने | १७,५२० |
|---|---|

४८ **उपभोक्ताले निर्माण व्यवसायीबाट काम गराएको :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्छ र कुनै निर्माण व्यवसायी वा सब- कन्ट्राक्टरबाट गराउन सक्ने छैन भन्ने व्यवस्था रहेको छ । कुनै कारणबस समितिले काम गर्न नसकेमा सो सम्बन्धमा आवश्यक जाँच गरी सो समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम यस नियम र नियमावली बमोजिम गराउनुपर्ने व्यवस्था रहेको छ । यस पालिका अन्तर्गत निम्नानुसारका योजनामा उपभोक्ता समितिले सम्झौता गरेको रकमको अधिकांश वा सतप्रतिशत कार्य निम्नानुसारका सब-कन्ट्र्याक्टरबाट गराएको देखियो । यस सम्बन्धमा कार्यालयले आवश्यक जाँच गरी कानुन बमोजिम गरेको देखिएन । उपभोक्ता सम्झौता बमोजिमको रु.९,२७,२४० को निम्नानुसारको कार्य निर्माण व्यवसायीबाट गराएको मनासिब नदेखिएको रु

| सि नं | भौ न। मिति | उपभोक्ता समिति | सव कन्ट्याक्टर | सव कन्ट्याक्टरले गरेको कामको रकम | पालिकाको भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | ९२ २०८०।९।१९ | नमुजिङ्ग हुँदै खोरो जोड्ने मोटरबाटो | हनुमान निर्माण सेवा | ३२८८३० | २९१००० |
| २ | १०७ २०८०।९।२९ | सरस्वति प्रा वि फापरखेत हुँदै झुलेनी मोटरबाटो निर्माण तथा स्तरोन्नति | किस कन्स्ट्रक्शन एण्ड सप्लायर्स | ३२६४१६ | ३००००० |
| ३ | ६२ २०८०।८।१८ | साविक १ र २ को मोटरबाटो मर्मत योजना | महत निर्माण सेवा | ८८१४० | १३८५०३ |
| ४ | १९९ २०८०।११।१६ | नुन्थला बैनथाना बाटो मर्मत तथा विस्तार योजना | काठेखोला कन्स्ट्रक्शन प्रा लि | २८८१५ | १९७७३७ |
| | | जम्मा | | | ९२७२४० |

| | |
|---|---|
| अनियमित भएको | ९,२७,२४० |

४९ **स्वीकृती बेगरको सफ्टवेयर सञ्चालन -**

स्वीकृती बेगरको सफ्टवेयर सञ्चालन - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२( सफ्टवेयर संचालन सम्वन्धि व्यवस्था छ । पालिकाले महालेखा नियन्त्रक कार्यालयको स्वीकृती बेगर आन्तरिक आय संकलनका लागि सब्टेक प्रा ली नामको राजश्व र योजनाको २ वटा सूचना प्रणाली प्रयोग गरी कार्य गर्दै आएको छ । स्वीकृती बेगरको त्यस्तो सफ्टवेयर प्रयोग गर्दा उक्त प्रणालीको सुरक्षा, आन्तरिक आयको यथार्थता, त्यसले तयार गर्ने प्रतिवेदनको विस्वसनीयता र सम्भाव्य जाखिम बारे समेत आश्वसत्त हुन सक्ने अवस्था देखिदैन। पालिकाले सप्लायर्शबाट source code प्राप्त गरी तोकिएको कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

५० **योजना छनौट र कार्यान्वयन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।

| **क्र.सं.** | **विवरण** | **योजनासंख्या** | **रकम** |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | ५ | ३६० |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | १३३ | 21२९ |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | ७१ | २०२३२ |
| ४ | रु.५ लाखदेखि माथि रू.१० लाख सम्मका योजना | ४0 | २३७८६ |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | ११ | १३५८० |
| ६ | रू.२५ लाख भन्दा माथीका योजना | ९ | ४८५२८ |
| | **जम्मा** | **२६९** | **१०८६१५** |

उपरोक्त विवरण अनुसार ५ लाख भन्दा कमका २०९ योजना अर्थात ७८ प्रतिशत साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठुला र प्राथमिकता प्राप्त योजनामा ध्यान दिनुपर्दछ ।

५१ **डि.पि.आर तयारी तथा कार्यान्वयन -**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ३९ वमोजिम सेवा परामर्श विधिवाट गर्न सकिनेछ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्र.स. | कामको विवरण | परामर्शदाताको नाम | लागत अनुमान रु. | सम्झौता रकम रु. | घटी प्रतिशत | खरिद विधि |
|---|---|---|---|---|---|---|
| १ | प्रशासनिक भवनको पुर्वाधार व्यवस्थापन | स्मार्ट ड्रिलिङ एण्ड स्टीङ प्रा. ली. | ७६१०४५ | ७५६००० | -०.६६ | RFP |
| २ | सडक गुरुयोजना | ईनोभेटिभ ईन्जिनियरिङ सर्भिसेस प्रा.लि. | १५२४२५२ | १५०५२०५ | -१.२५ | RFP |
| ३ | रेश अस्पतालको डि पि आर | हेबाईल ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | १८३०३७२ | १८१६९१५ | -०.७४ | RFP |
| | जम्मा | | ४११५६६९ | ४०७८१२० | -०.९१ | |

उपरोक्त विवरण अनुसार पालिकाले डि. पि. आर. तयारीमा सेवा कार्यमा RFP विधिबाट ३ वटा सेवा खरिदका लागि जम्मा रु. ४१ लाख १५ हजार ६६९ को लागत अनुमान तयार गरी सम्झौता अनुसार रु. ४० लाख ७८ हजार १२० भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औसतमा ०.९१ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परामर्श सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

५२ **ठेक्का बन्दोवस्त -**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७९ को नियम १५(७)मा खरिद पूर्वतयारीदेखि बोलपत्र आव्हानसम्मका खरिद व्यवस्थापन सम्वन्धी कार्य प्रथम चौमासिक अवधिभित्र सम्पन्न गर्ने गरी बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाबाट भएको चौमासिक खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः रु हजारमा

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| **बोलपत्रबाट** | **८** | **४६०२८** | **७** | **३४५२८** | **१** | **११५००** | **०** | **०** | **५** | **१०९६५** |
| **शिलबन्दी** | **१** | **४७६** | **०** | **०** | **०** | **०** | **१** | **४७६** | **१** | **४७६** |
| **जम्मा** | | **४६५०४** | | **३४५२८** | | **११५००** | | **४७६** | | **११४४१** |

उल्लेखित विवरण अनुसार यो वर्ष पालिकाले विभिन्न कार्यको लागी रू. ४ करोड ६५ लाख ४ हजार लागतको ९ ठेक्का वन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा रु ३ करोड ४५ लाखको ७ वटा ठेक्का व्यवस्थापन भएको, दोश्रो चौमासिकमा रू. १ कोड १५ लाखको १ वटा ठेक्का र तेश्रो चौमासिकमा रू. ४ लाख ७६ हजारको १ ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्त सम्ममा रू. १ करोड १४ लाख ४१ हजार बराबरको ६ वटा ठेक्का सम्पन्न भएको अवस्था छ । यसरी अन्तिम चौमासिकमा ठेक्का व्यवस्थापन गरिने पद्धतिलाई न्युनिकरण गर्नुपर्दछ।

५३ **निर्माण कार्य व्यवस्थापन -**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ वमोजिम सार्वजनिक निर्माण कार्य गर्दा प्रतिष्पर्धा सीमित हुने गरि पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ ।

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| २६९ | ९ | ४६५०५ | २६० | ६२११० |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल २६९ योजना मध्ये ठेक्का मार्फत भएका ९ वटा योजनामा रु. ४ करोड ६५ लाख ५ हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित २६० योजनामा रु १ करोड ५६ लाख ६ हजार खर्च गरेको छ । अर्थात २६९ योजनामा भएको खर्च मध्ये ४२ प्रतिशत रकम ठेक्का प्रक्रिया र ५८ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

### ५४ पूँजीगत बजेटमा चालु तथा उपभोग खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने, दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वियन गर्ने कर्तव्य सम्वन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख रहेको छ । नियमावली, २०७७ को नियम ३९ उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ ।पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने, कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसार पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने र उपभोग प्रकृतिका खर्चलाई पूँजीगत शीर्षकबाट खर्च गरी भुक्तानी दिएको पाईयो । यसप्रकार गरेको खर्च रकमलाइ कानुनसम्मत भन्न मिल्ने नदेखिएको रु

| सि नं | कार्यक्रम | बजेट | खर्च |
|---|---|---|---|
| १ | बाली कटानी (तथ्यांक संकलन ) | २०००० | १९०२७८ |
| २ | प्राकृतिक प्रजननको लागी अनुदानमा रांगो / बोका बितरण | २५०००० | २२५००० |
| ३ | सफल कृषक सम्मान कार्यक्रम( कृषि / भेट ) | २००००० | २००००० |
| ४ | टिमुर खेती प्रबर्द्धन कार्यक्रम | १५०००० | ११६०७६ |
| ५ | आलु खेती प्रबर्द्धन कार्यक्रम | ३००००० | २१७६०९ |
| ६ | बिद्यालय स्वास्थ्य कार्यक्रम | २६०००० | १३१०१० |
| ७ | क र ख बर्गका अपांगता भएका ब्यक्तिको अबस्था अनुगमन साथै बिश्वअपांगता दिबस | २००००० | १६२२६० |
| ८ | भाषा संस्कृती संरक्षण कार्यक्रम | २००००० | ३९,५००.०० |
| ९ | न्यायिक इजलास कक्ष ब्यबस्थापन तथा मेलमिलापकर्ता सहजिकरण | ३००००० | २९९४६७ |
| १० | ग र घ बर्गका अपांग परिचयपत्र भएका ब्यक्तीका लागी जिबिकोपार्जनकार्यक्रम | ६००००० | ४५५९०० |
| ११ | अन्तरराष्टिय महिला दिबस साथै लैगिक हिंसा बिरुद्धको १६ दिनेअभियान | २५०००० | २४८७५० |
| १२ | लघु उद्यम बिकास कार्यक्रम | ७००००० | ७००००० |
| १३ | सार्बजनिक सुनुवाइ | ३००००० | २९८००० |
| १४ | पालिका स्तरिय अतिरिक्त क्रियाकलाप तथा प्रतिभा पहिचान कार्यक्रम | २००००० | १९९२०० |
| १५ | उत्कृस्ट बिद्यालय प्रोत्साहन | ३००००० | २३,०००.०० |
| १६ | जेष्ट नागरिक स्वास्थ्य जांच | ३००००० | २९९६५६ |
| १७ | दलित समुदायको आय आर्जन तथा स्वरोजगार कार्यक्रम | ६००००० | ५७७३७४ |
| १८ | सहकारी शिक्षा कार्यक्रम | ३००००० | २७६०१५ |
| १९ | प्रकोप ब्यबस्थापन (रोग/औषधी/ परजिवी ) | ४००००० | ३९९२०५ |
| २० | वडा स्तरमा कृषि उपशाखा ब्यबस्थापन (कृषि / भेट ) | २००००० | १९७९९९ |
| २१ | कार्यक्रम अनुगमन ( सन्चालन/ मर्मत/ ढुवानी/ ब्यबस्थापन कृषि पशु ) | २००००० | १९१४८५ |
| २२ | घुम्ती शिबिर सन्चालन | ४५०००० | ४४९६९२ |
| २३ | स्थानिय ज्ञान सिपमा आधारित ब्याबसाय प्रबर्द्धन कार्यक्रम ( MED model ) | ७००००० | ४५६३३५ |
| २४ | कृषि सन्जालको वडा तथा पालिका स्तरिय बैठक | १००००० | १००००० |
| २५ | जनप्रतिनिधी र कर्मचारी क्षमता अभिबृद्धि तालिम | २००००० | ६२,८००.०० |
| २६ | लै स सा स परिक्षण तथा अभिमुखिकरण | २००००० | २००००० |
| २७ | काठेखोला गतिबिधी प्रकाशन र प्रशारण | ५००००० | ४५०००० |
| २८ | कला संस्कृतीमा आधारित पर्यटन प्रबर्द्धन | ३००००० | ३००००० |
| २९ | बिपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम | २६७००० | २६४६०० |
| ३० | योजना सन्चालन सहजिकरण तालिम | ३४५००० | ३४०००० |
| | | | |

| | | | |
|---|---|---|---|
| ३१ | आमा सुरक्षा कार्यक्रम | ७००००० | ६९९१४१ |
| | जम्मा | १०१७२००० | ८७७०३५२ |

| | |
|---|---|
| अनियमित भएको | ८७,७०,३५२ |

५५ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविध खर्च शीर्षकबाट रु. २१ लाख ४६ हजार खर्च गरेको छ । खर्च लेख्दा अधिकांशमा खर्चको पुष्ट्याई बेगर केवल बिल भरपाई तथा माईन्युटको आधारमा मात्रै खर्च लेखेको छ। खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर मात्रै विविध खर्च गर्नुपर्दछ ।

| **विविध खर्चको विवरण** | **खर्च रकम** |
|---|---|
| अतिथि सत्कार | ३,७३,००० |
| चिया, खाजा तथा खाना | ६,०३,००० |
| मसलन्द | १,३५,००० |
| विविध कार्यक्रम खर्च | ५,३७,००० |
| अन्य भाडा | २,५७,००० |
| वडा तर्फ | २,४१,००० |
| जम्मा | २१,४६,००० |

५६ **पेश्कीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फछ्यौट गर्ने कार्यविधि तोकेको छ । पालिकाले यस वर्ष विभिन्न व्यक्ति संस्थालाई कार्य गर्न पेश्की दिएकोमा समय सिमा भित्रै पेश्की फछ्यौंट गर्नपर्ने रु

| भौ.नं. | पेस्कीकोविवरण | पेश्कीलिने ब्यक्ति फर्म वा कम्पनीको नाम | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|---|
| ११ २८ र २८९ | विहुं सुलडांडा लेखानी सेतीचौर देउराली सडक | शान्ती देवी ए ए जे भि | ० | ४४२५००० |
| १६ | रेश आधारभुत अस्पताल | जुम्ली आर सि जे भि | ० | १४२१६३८ |
| | जम्मा | | | ५८४६६३८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५८,४६,६३८ |

५७ **विपन्न नागरिक स्वास्थ्य विमा कार्यक्रम ;**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन तथा बनाईएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले यस वर्ष गरिब तथा विपन्न विमा कार्यक्रममा रु.७,००,०००/- बजेट विनियोजनगरी रु.६,१४,६००/- खर्च गरेको देखिय । विपन्न नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवामा सहज पहुँज अभिवृद्धि गर्न यस कार्यक्रमको सञ्चालन गरिने उल्लेखगरी कार्यक्रमको प्रस्ताव स्वीकृत गराएकोमा कार्यक्रम सञ्चालनको कार्यविधि तयार नगरेको र उपरोक्त लक्षित वर्ग छान्ने मापदण्ड समेत रहेको देखिएन । यस कार्यक्रमबाट यस वर्ष प्रत्येक वडाबाट २५ जनाको ८ वटै वडामा रु.३५००/- साथै थप परिवार संख्याको दरले लाभग्राहिको स्वास्थ्य विमाको शुल्क भुक्तानि दिएको देखियो । यस प्रकारको कार्यक्रम सञ्चालन गर्नुपूर्व यस कार्यक्रमका लाभग्राहि छनौटको मापदण्ड, सञ्चालन हुने अवधि, खर्च गर्ने रकमको स्रोत लगायतको विषयमा कार्यविधि कानुन स्वीकृत गरेरमात्र खर्च गर्नुपर्दछ ।

| वडा नं. | भौ न ।मिति | संख्या | विमा शुल्क भुक्तानी रकम |
|---|---|---|---|
| १ | २२५ २०८०।११।२३ | २५ | ८७५०० |
| २ | ३१५ २०८०।१२।३० | २५ | ८७५०० |
| ३ | ९६ २०८०।९।२९ | २५ | ८७५०० |
| ४ | १९ २०८०।६।३० | २५ | ८७५०० |
| ५ | १३४ २०८०।१०।०७ | २५ | ८७५०० |
| ६ | ८२ २०८०।८।२७ | २५ | ८९६०० |
| ८ | ५ २०८०।६।२३ | २५ | ८७५०० |
|  | जम्मा | १७५ | ६१४६०० |

५८ **वितरणको भरपाई नरहेको :**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **२२६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

५९ **अध्यक्षसँग शैक्षिक सुधार कार्यक्रम :**

गण्डकि प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित् नियमावली, २०७७ को नियम ३९ उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ । यस वर्ष पालिकाले अध्यक्षसँग शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरी रु २९००००० बजेट रु २८२०६१३ खर्च लेखेको छ । यस कार्यक्रमको कार्यविधि तयार गरेको छैन भने कुन कुन क्षेत्रको लागि अनुदान उपलब्ध गराइने हो सो को स्पष्ट आधार देखिँदैन ।यस कार्यक्रममा विभिन्न ७ वटा विद्यालयहरुलाई विभिन्न शिर्षकमा विद्यालय तथ सम्बन्धित संस्थाको खातामा रकम उपलब्ध गराएको छ ।विद्यालय मर्मत, फर्निचर खरिद, पहिरो नियन्त्रण लगायतको शिर्षकमा खर्च गरेको छ । यस कार्यक्रम सञ्चालन गर्न पालिकाले के के शिर्षकमा खर्च गर्ने तथा उक्त विद्यालयहरु छनौट भएको आधार स्पष्ट छैन ।पालिकाले कार्यक्रमको कार्यविधि स्पष्ट नभएको अवस्थामा अनुगमन प्रतिबेदन तयार गरेको देखिएन ।यसै शीर्षकबाट धबलागिरी प्राबिधिक शिक्षालयलाइ डिप्लोमा इन होटल म्यानेजमेन्ट प्रि डिप्लोमा इन कुलनिरी आर्टस प्रि डिप्लोमा इन कृषि बाली बिज्ञान र प्रि डप्लोमा इन पशु उत्पादन सम्बन्धी प्राबिधिक शिक्षा अध्धयन गर्ने २० जना बिद्यार्थिहरुको कोर्ष पुरा गर्न लाग्ने शतप्रतिशत रकम गाँउपालिका बाट ब्यहोर्ने निर्णय गरी यस आ व मा रु ११५५८९० खर्च गरेको छ । पालिका र धवलागिरी प्राविधिक शिक्षालयविच मिति २०८०।६।२२ मा सम्झौता गरी आर्थिक वर्ष २०८२।८३ सम्म को अवधिमा कुल रु ३६४८११६ उक्त प्राविधिक शिक्षालयलाई उपलब्ध गराउनेगरी सम्झौता भएकोमा यस वर्ष रु ११५५८९० उपलब्ध गराएको छ । पालिका भित्रका दलित, महिला, गरिब तथा विपन्न वर्गका विद्यार्थीहरुको छनौट गरी सत प्रतिशत छात्रबृति उपलब्ध गराउने समझदारी पत्रमा उल्लेख गरेको छ ।तर पालिकाले सुचना प्रकाशन गरी छनौट को आधार तयार गरी सो बमोजिम विद्यार्थी छनौट गरेको पाइएन भने उक्त विद्यार्थीहरुले अध्ययन पुरा गरेपछि पालिकालाई पुर्याउन सक्ने योगदानको बारेमा स्पष्ट उल्लेख गरेको छैन । त्यस्तै विद्यार्थीहरुको मासिक प्रगति प्रतिबेदन तयार गरी पालिकालाई उपलब्ध गराउने सम्झौतामा उल्लेख गरेकोमा सो अनुसारको विवरण उपलब्ध गराएको छैन । अत: आवश्यक प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु

| सि नं | भौ नं।मिति | संस्था | रकम |
|---|---|---|---|
| १ | ४४० २०८१।२।२९ | धिमी करिना मा वि | १००००० |
| २ | ५४७ २०८१।३।२१ | धवलागिरी बहुप्राविधिक शिक्षालय | २३१५१२ |
| ३ | ३८७ २०८१।२।२ | धवलागिरी बहुप्राविधिक शिक्षालय | ९२४३७८ |
| ४ | ८९ २०८०।९।१७ | ओदानडाँडा प्रा वि कक्षा कोठा मर्मत | २००००० |
| ५ | १८४ २०८०।११।१४ | नवयुवक आ वि योजना | १५०००० |
| ६ | २०५ २०८०।११।१७ | जनप्रिय आ वि पहिरो नियन्त्रण तथा फर्निचर व्यववस्थापन | १४२५०० |
| ७ | ५६२ २०८१।३।२२ | प्रोत्साहन छात्रवृत्तिको खोज | ५४००० |
| ८ | ७८ २०८०।८।२५ | विहुकोट अमर क्याम्पस व्यवस्थापन | १६०००० |
| ९ | २६३ २०८०।१२।०७ | भुमेचौर खेल मैदान | ३९१०७९ |
| | | जम्मा | २३५३४६९ |

| अनियमित भएको | २३,५३,४६९ |
|---|---|

६० **अन्य निकाय खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कुनै पनि संघ/सस्था आदिलाइ कुनै पनि किसिमको चन्दा, उपहार, पुरस्कार तथा आर्थिक सहायता वितरण गर्न नपाइने व्यवस्था छ । तर छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका देहायका कार्यालय तथा सघंसस्थाहरुलाइ विभिन्न कामको लागि भुक्तानी दिएको रकम नियमसम्मत नभएको रु.

| भौ.नं./ मिति | संस्थाको नाम | वापत | रकम |
|---|---|---|---|
| २९२ २०८०।१२। २० | बाग्लुङ महोत्सब सन्चालन सहयोग कार्यक्रम | गण्की प्रदेश स्तरिय पर्यटन कृषि तथा औद्योगिक ब्यापार मेला एबं ७ औ बागलुङ महोत्सब २०८० को सहायोग कार्यक्रम बापतको रकम भुक्तानी गरिएको। - | २००००० |
| ३११ २०८०।१२। २७ | नेपाल मगर संघ | नेपाल मगर संघ को स्थापना दिबसको उपलक्ष्यमा बिबिध कार्यक्रमहरु सन्चालन गरेबापतको बिल भुक्तानी गरिएको | ३४८५०० |
| ५९४ २०८१।३। २३ | नेपाल रेडक्रस सोसाइटी बाग्लुङ शाखा | विभिन्न विल अनुसारको रकम भुक्तानी | ९७००० |
| ६१० २०८१।३। २४ | बि पि स्मृती भवन निर्माण उपभोक्ता समिती | बि पि प्रतिस्टान अनुदनको रकम भुक्तानी गरिएको | ७६०००० |
| | | जम्मा | १४०५५०० |

| अनियमित भएको | १४,०५,५०० |
|---|---|

६१ **पदाधिकारी कर्मचारी अवलोकन भ्रमण :**

पालिकाले भौ.न. ४९६ मिति ०८१।३।२३ बाट जनप्रतिनिधि र कर्मचारीको संयुक्त अवलोकन अध्ययन भ्रमण भारतको सिक्किम र दार्जिलिङ समेतका स्थानमा भ्रमण खर्च रु.६,५२,०७०।०० र भौ.न.३९६ मिति ०८१।२।२३ बाट नमूना विधालयहरुको अध्ययन

अवलोकन भ्रमण खर्च रु.४,७०,०००।०० र भौ.न.३११ मिति ०८१।१।२ बाट चिया खेति विस्तार अवलोकन तथा अनुसन्धान को लागि इलाम भ्रमण खर्च रु.१,८७,७४६ समेत जम्मा रु.१३,०९,८१६ खर्च गरी भ्रमण गरेको देखियो । आन्तरिक आय कम भएकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

६२ **दरबन्दी र पदपूर्ति :**

स्थानिय सरकार सञ्चालन ऐन , २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ , राजश्व क्षमता , खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखि कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा ब्यबस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने ब्यबस्था बमोजिम पालिकाको कूल २९ कर्मचारी दरबन्दी रहेकोमा मिति ०८१।३।३० सम्म २८ जना दरबन्दी स्थायी पदपूर्ति भई १ पद रिक्त रहेको छ । रिक्त पद पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

६३ **कर्मचारी करार :**

स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा ब्यबस्थापन , सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने ब्यबस्था छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले बिभिन्न पदमा ५६ जना कर्मचारीहरुलाई करारमा राखेको पाईएको छ। जसमध्ये स्वीकृत दरबन्दी भन्दा बाहिरको कर्मचारी १३ जना रहेको छ ।स्वीकृत दरबन्दी भन्दा बाहिरको कर्मचारी करारमा भर्ना गरी खर्च लेखेको रकम नियम सम्मत नदेखिने हुँदा यसमा नियन्त्रण गरिनुपर्दछ ।

६४ **करार कर्मचारीलाई महंगी भत्ता :**

सामान्य प्रशासन मन्त्रालयको चलानी नं २१७ मिति २०७४।०१।२५ मा जारी गरेको परिपत्रमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४।०१।२१ को निर्णयानुसार सबै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दी भित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष २०७४।०७५ बाट लागु हुने गरी कम्तिमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता सम्झौतामा उल्लेख गरी दिन मिल्ने छ भने अन्य सुविधा उपलब्ध गराउने सम्वन्धमा कुनै व्यवस्था छैन । कार्यालयले विभिन्न पदमा कार्यरत करारतर्फका ३ जना कर्मचारीहरुलाई महङ्गी भत्ता वापत रू.६८,००० रकम भुक्तानी गरेको देखिएकोले परिपत्र विपरित महङ्गि भत्ता भुक्तानी गरेको रकम असुल हुनुपर्ने रू

| क्र.सं | कर्मचारीको नाम,थर | श्रेणी / तह | दर | रकम |
|---|---|---|---|---|
| १ | मिन बहादुर थापा | सहायक पाँचौ | २००० | २४००० |
| २ | मनहरी कँडेल | सहायक चौथो | २००० | २०००० |
| ३ | शशिकला कँडेल | सहायक चौथो | २००० | २४००० |
| | | | जम्मा | ६८,००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६८,००० |

६५ **वितरण मुखि कार्यमा खर्च :**

पालिकाले चालु खर्च मितव्ययि र पूँजिगत खर्च नतिजामूलक देखिने गरि खर्च गर्नुपर्दछ ।लेखापरीक्षणको क्रममा नमूना छनौट गर्दा निम्नानुसारका गो.भौ.न.र मिति वाट वितरणमुखि कार्यमा खर्च गरेको देखियो यसरी वितरणमूखि एवं प्रतिफल प्राप्त नहुने कार्यमा खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।

| गो.भौ.न. / मिति | प्रयोजन | भुक्तानि पाउने | रकम |
|---|---|---|---|
| ८१।०८०-७-२३ | दशै पुजा संचालन | लेखानी कोट मन्दिर ब्यवस्थापन तथा संरक्षण समिति | ६२००० |
| १७८।०८०-१०-१६ | कोटपुजा खर्च | कोटघर संरक्षण समिति काठेखोला | ६२५०० |
| २४४।०८०-१२-२ | कोटपुजा खर्च धम्जा | मनहरि कँडेल | ६२५०० |
| १५७।०८०-१०-३ | फर्निचर खरिद | रंगवेकंटेश मुक्तिनारायण मन्दिर | १००००० |
| ४२२।०८१-२-३० | विजयादशमि पुजा | भूमिकला सापकोटा | ६२५०० |
| ३८०।०८१-२-१७ | कोटपुजा खर्च | धिमिकोट ब्यबस्थापन समिति | ६२५०० |
| ४८३।०८१-३-२१ | तिज मेला | राष्ट्रिय लोक दोहोरी गित प्रतिष्ठान, बागलुङ्ग | २०००० |
| ४६०।०८१-३-१७ | कोट पुजा | रेश संरक्षण समिति | ६२००० |
| ४७६।०८१-३-२० | चैत्रास्टमी मेला | कालिका भगवति गुठी | ५०००० |
| ६२।०८०-७-९ | तिज कार्यक्रम | प्रतिमा सिग्देल | ३१५०० |

६६ **सोझै खरिद :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ ( २ ) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली , २०६४ को नियम ८४ मा रु.१० लाख देखि २० लाख रुपैयाँ सम्मको सामान सिलबन्दी दरभाउपत्र र सो भन्दा बढीको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने ब्यबस्था छ । त्यस्तै खरिद नियमावली २०६४ को नियम ३ मा सामान खरिद गर्नु अगाडी सामानको आवश्यकता , खरिद प्याकेज , खरिद विधि लगायतको विषयको पुर्व तयारी गर्नुपर्ने ब्यबस्था छ । पालिकाले मसलन्द तथा कार्यालय सामाग्री शिर्षकमा खरिद सम्बन्धी कुनै तयारी तथा खरिद योजना नबनाई पटक पटक खरिद गरेको देखिएको छ । पालिकाले मसलन्द तथा कार्यालय सामाग्रीमा खर्च गर्दा आवश्यकता पहिचान गरी ऐनको ब्यबस्था बमोजिम प्रतिष्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| गो.भौ.नं / मिति | आपूर्तिकर्ता | कार्य | खर्च रकम |
|---|---|---|---|
| ५९।०८०-७-१९ | नमूना छापाखाना बागलुङ | बार्षिक कार्य योजना छपाई | १२७९९५ |
| २६८।०८०-१२-१५ | अफिस सामान सपलाई स्टोर्स | मसलन्द | ७१७९८९ |
| ३६६।०८१-२-१३ | सयपत्री परफेक्ट प्रिन्टीङ प्रेस | मसलन्द | २२५६०० |
| ४३१।०८१-२-३२ | अफिस सामान सप्लाई स्टोर्स | मसलन्द | २७८२३६ |
| ३४।०८०-६-२४ | धवलागिरी अफसेट प्रेस | छपाई | ३६२४०२ |
| ५९।०८०-७-१९ | नमूना छापाखाना | छपाई | १२७९९५ |
| ३९५।०८१-२-२३ | धौलागिरी अफसेट प्रेस | मसलन्द खर्च | १७४११० |

६७ **आर्थिक सहायता :**

काठेखोला गाउँपालिका आर्थिक सहायता कोष संचालन तथा ब्यबस्थापन कार्यविधि २०७९ को बुँदा नं. ९ मा आर्थिक सहायता सम्बन्धि ब्यबस्था रहेको छ ।पालिकाले यस वर्ष रु. ३,१८,००० आर्थिक सहायतामा खर्च गरेको छ । काठेखोला गाउँपालिका भित्र बसोबार गर्ने ब्यक्तिहरुलाई दिर्घरोग लागेमा विपन्न सदस्यको उपचार खर्च र प्राकृतिक विपदबाट भएका धनजनको क्षती भएका ब्यक्तिहरुलाई निवेदन , सम्बन्धित वडा कार्यालयको सिफारिश समेत का आधारमा बढीमा रु.२०,००० सम्म अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई सोझै आदेश दिन सक्ने र सो भन्दा माथिको आर्थिक सहायता रकम कार्यपालिकाको बैठकले निर्णय गर्ने गरी

सहायता उपलब्ध गराउने ब्यबस्था रहेको छ । पालिकाले कार्यविधि विपरित संघ संस्थालाई आर्थिक सहायता वितरण गरेको पाईयो । कार्यविधिमा भएको ब्यवस्थाको पालना गर्नुपर्दछ ।

| भौ.न. / मिति | संघ संस्था | रकम |
|---|---|---|
| ४९। ०८०-६-३ | स्कोन गण्डकी | २५००० |
| ४९।०८०-६-३ | नेपाल ट्रेड युनियन कांग्रेस | २०००० |
| ४९।०८०-६-३ | बागलुङ्ग जेसिसा | २०००० |

६८ **विविध खर्च :**

स्थानिय सरकार सञ्चालन ऐन , २०७४ को दफा ७१ बमोजिम ब्ययको बजेट अनुमान , आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने ब्यबस्था छ । यस स्थानिय तहले विविध शिर्षकवाट खाना खाजा लगायत विविध कार्यक्रममा खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ। यस प्रकारको खर्च नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । केही उदाहरणहरु -

| भौ.न. / मिति | कार्यक्रम | विवरण | खर्च |
|---|---|---|---|
| १६९।०८०-१०-७ | विविध खर्च | चियापान खर्च | ८१,७६५ |
| १६४।०८०-१०-७ | विविध खर्च | चियापान खर्च | १९५५० |
| २५१।०८०-१२-५ | विविध खर्च | चियापान खर्च | ४८,०४५ |
| ४२६।०८१-२-३२ | विविध खर्च | चियापान खर्च | ४९९१० |
| ४९२।०८१-३-२३ | विविध खर्च | खाजा, खाना | २९४६० |
| ४७३।०८१-३-२० | विविध खर्च | चियापान खर्च | ३८७७५ |

६९ **सहकारी संस्थाको विवरणः**

नेपालको संविधान, २०७२ को अनुसुचि ८ मा सहकारी संस्था दर्ता संचालन सम्वन्धि अधिकारको प्रयोग गरि पालिकाले यस आर्थिक वर्षमा उपलव्ध गराएको सहकारी संस्थाको विवरण देहाए बमोजिम रहेको छ ।

| क्र सं. | सहकारी संस्थाकोकिसिम | सहकारी संस्थाकोसंख्या | शेयर सदस्यसंख्या | कुल शेयर पुँजीरु. | कुल बचत रकम रु. | जम्मा ऋण लगानि | जगेडा कोषरकम |
|---|---|---|---|---|---|---|---|
| १ | वचत तथा ऋण सहकारीसंस्था | ८ | ४,७३६ | २,९३,५७,६०० | ५,४२,२८,१०४ | ५,५५,०७,२२० | ९,९४,८८० |
| २ | बहुउद्देश्यीय सहकारीसंस्था | २ | ६८७ | ५,९०,३४,९०० | ५,५४,३३,५९२ | ६,८७,५७,०९४ | ४७,८४,२२६ |
| ३ | कृषि सहकारीसंस्था | ९ | १,०२२ | २२,३३,६८० | ७७,९८,३२० | ८९,१३,५६४ | ५,६५,६८२ |
| ४ | साना किसान सहकारीसंस्था | ३ | २,५६५ | १,९४,५६,८५० | ५,९०,५६,७४२ | ८,७५,६६,९४१ | ९२,४३,२६० |
| ५ | दुग्ध सहजकारीसंस्था | ७ | ७९८ | ८,६०,७०० | ७६,८३,५२० | १,२४,८२,३२२ | १४,१२,६०७ |
| ६ | उपभोक्ता सहकारीसंस्था | १ | ५४ | १,९४,७०० | ४,३५,४३१ | ८,९९,२३५ | १,२५,३६९ |
| जम्मा | | ३० | ९,८६२ | ११,११,३८,४३० | १८,४६,३५,७०९ | २३,४१,२६,३७६ | १,७१,२६,०२४ |

पालिका भित्र ३० वटा सहकारीको पालिकाबाट अनुगमन निरीक्षण गरी प्रतिवेदन तयार गरेको पाईए पनि समस्याग्रस्त र निष्कृय सहकारीमा शेयरहोल्डर र बचतकर्ताको पूँजी र बचत रकम जोखिममा रहेको हुन सक्ने भएकोले सो को संरक्षण र सुरक्षणका लागि पालिकाको गम्भिर ध्यानाकर्षण हुनुपर्ने देखिन्छ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : काठेखोला गाउँपालिका, बागलुङ , काठेखोला गाउँपालिका , बाग्लुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| लेखा प्रमुख | माधब शर्मा | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १३,५८३,९७७ | २४,१९५,११९ | ३,७८७,३८२ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४१,५६६,४७८ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौंट गरी संपरीक्षण भएको रकम रु.** | १,८५५,७६२ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३९,७१०,७१६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४१०१३७६६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३८८४९१९३१ | **चालु खर्च** | ३५११२३३६४ |
| **प्रदेश सरकारबाट अनुदान** | १७४१७५९९ | **पूँजीगत खर्च** | १५४४०९३३२ |
| **राजश्व बाँडफाँट** | ८४६३९५८९ | **वित्तीय/अन्य व्यवस्था** | १६५६७८२५९ |
| **आन्तरिक आय** | ६७६३८०९.० | | |
| **अन्य आय** | १६२०१९२५१ | | |
| **कुल आय** | ६५९३३२१७९ | **कुल खर्च** | ६७१२१०९५५ |
| **बाँकी मौज्दात** | | २९१३४९९० | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।